# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २७३ | काठमाडौं | बिहीबार, १८ माघ २०८० | Prabhab National Daily | Thursday, February 1, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# आन्तरिक किचलोमा राप्रपा



- अध्यक्ष राजेन्द्र लिङ्देन र नेता प्रकाशचन्द्र लोहनी, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र तथा महामन्त्री धवलशमशेर जबरा पक्षबीच किचलो
- निर्देशन समितिको निर्देशनलाई लिएर लिङ्देन थप आक्रोशित
- लोहनीसहितका नेताहरूले पार्टीमा अलग्गै शक्तिको खेल खेल्न अभ्यास गरेको लिङ्देनको टिप्पणी

■ **जेबी योञ्जन**

**काठमाडौं–** राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापनाको एजेण्डा बोकेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भित्र गम्भीर मतभेद देखिएको छ । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन र पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, महामन्त्री धवलशमशेर जबरा (लोहनी-जबरा) पक्षबीच पार्टी नै विभाजन हुन सक्नेगरी मतभेद चुलिएको छ ।

आगामी फागुनको पहिलो साता देशव्यापी आन्दोलनमा जाने घोषणा गरेको दलमा उत्पन्न टकरावले आन्दोलन प्रभावित पार्न सक्ने चिन्ता पार्टीकै नेताहरूबाट प्रकट हुन थालेका छन् । पार्टी प्रवक्ता सगुनसुन्दर लावतीले घोषित आन्दोलन नरोकिने तर मतभेद मत्थर नभए आन्दोलनमा त्यसको प्रभाव पर्न सक्ने बताए ।

'हिन्दू राष्ट्र पुनःस्थापना, संवैधानिक राजसंस्था र प्रदेश खारेजीको माग राखेर आन्दोलनमा जान्छौं हामी । तयारी पनि भइरहेको छ,' उनले प्रभावसँग भने, 'तर, अहिले पार्टीमा केही आन्तरिक समस्या देखिएका छन् । यदि, समाधान नभए त आन्दोलनमा असर पुग्न सक्छ ।'

अध्यक्ष लिङ्देन नेता लोहनी, पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री जबरासँग रुष्ट छन् । कोशी प्रदेशको सभामुखमा पार्टीका सांसद अम्बरबहादुर विष्टले उम्मेदवारी दिएकै दिन लोहनी अध्यक्ष रहेको निर्देशन समितिले उम्मेदवारी फिर्ता गराउन केन्द्रीय समिति र कार्यसम्पादन समितिलाई निर्देशन दिएको थियो । जतिबेला लिङ्देन मलेसियादेखि स्वदेश फर्किंदै थिए । उता कोशीमा विष्ट सभामुख भए । तर, आफू अध्यक्ष रहेको केन्द्रीय समिति र कार्यसम्पादन समितिलाई लोहनी नेतृत्वको समितिले निर्देशन दिएको भन्दै लिङ्देन बिच्किएका छन् । उनले भनिसकेका छन्, 'जुन हिसावले केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिका नाममा निर्देशन जारी गरिएको छ, फेसबुक र पत्रिकाबाट । त्यो कुरा राप्रपा अध्यक्षले मान्दैन ।'

वरिष्ठ उपाध्यक्ष मिश्रलाई त उनले असफल नेता भनेका छन् । उनले भनेको मान्न जरुर नै नभएको बताए ।

> हिन्दू राष्ट्र पुनःस्थापना, संवैधानिक राजसंस्था र प्रदेश खारेजीको माग राखेर आन्दोलनमा जान्छौं हामी । तयारी पनि भइरहेको छ । तर, अहिले पार्टीमा केही आन्तरिक समस्या देखिएका छन् । यदि, समाधान नभए त आन्दोलनमा असर पुग्न सक्छ ।
>
> ■ **सगुनसुन्दर लावती**
> प्रवक्ता, राप्रपा

(क्रमशः पृष्ठ २ मा)

हेटौंडा कपडा उद्योगमा सेनाको निरन्तर चासो

# आफैं लगानी गरेर नौ वर्षपछि नाफा दिने दाबी

- प्रधानसेनापति प्रभुराम शर्माले एक अर्ब ९३ करोड रुपैयाँमा उद्योग पुनः सञ्चालन गर्न सकिने प्रस्ताव गरेका छन्
- उद्योग पुनः सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने कार्यदलको निष्कर्ष छ
- खारेज भइसकेको उद्योग २०६५ मा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा पुनः सञ्चालन गर्न नौ करोड रुपैयाँ छुट्याइएको थियो




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चीन सरकारको सहयोगमा वि.सं. २०३२ सालमा स्थापना भएको हेटौंडा उद्योग सञ्चालन गर्न नेपाली सेनाले फेरि पनि चासो देखाएको छ । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष कपडा उद्योग पुनः सञ्चालनका लागि नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रस्ताव गरेका हुन् ।

पछिल्लो सम्भाव्यता अध्ययननको 'बिफ्रिङ' पेस गर्दै सेनापति शर्माले एक अर्ब ९३ करोड रूपैयाँ लगानीमा उद्योग पुनःसञ्चालन गर्न सकिने प्रस्ताव गरेका हुन् । २०७२ सालमा पनि सेनाले यो उद्योग सञ्चालनमा चासो देखाएको थियो । २० करोड रूपैयाँमा बनेर २०३५ सालबाट उत्पादन थालेको उद्योग २०५७ सालयता बन्द छ ।

### सेनाको दाबी : नौ वर्षपछि नाफामा

२०७२, २०७५ पनि सेनाले २०८० मा पनि अर्को सम्भाव्यता अध्ययन गरेको हो । सेनाले उद्योग पुनः सञ्चालनको मोडालिटीसमेत प्रस्ताव गरेको छ । तीन वर्षे कार्यतालिकासहितको प्रस्तावित मोडालिटीमा अनुमानित २६ लाख मिटर कपडा उत्पादनका लागि आर्थिक वर्ष २०८०/८१ मा नीतिगत निर्णय गरी नेपाली सेनालाई उद्योग हस्तान्तरण, डिपिआर निर्माण, नयाँ मेसिनरी सामानको छनोट र खरिदको काम सम्पन्न गर्ने उल्लेख गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## मन्त्रिपरिषद्बाट निर्णय लिन्छु : प्रधानमन्त्री



पटक-पटकको बजेटमा परे पनि प्रधानमन्त्री पुष्पकमल दाहालले उद्योग पुनः सञ्चालनमा केन्द्रित भएर नेपाली सेनाले गरेको अध्ययन महत्त्वपूर्ण भएको बताए । 'नेपाली सेनाले राम्रो अध्ययन गरेको छ । यसबारे राजनीतिक तहमा पनि एक चरण छलफल गर्छु । अध्ययनका निम्ति सरकारको तर्फबाट पनि सानो टिम बनाएर जान सकिन्छ । त्यसपछि मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौं,' दाहालले भने ।

उनले देशका उद्योगहरू निजीकरण गर्दै जाँदा देशको उत्पादकत्वमा ह्रास आउनुका साथै रोजगारीका अवसर घट्दै जानु नकारात्मक भएको बताए । 'विगतका सरकारी उद्योगहरू निजीकरण गरिए । त्यसको परिणाम राम्रो भएन, उद्योगहरू कौडीमा निजीकरण गरिए, देशमा औद्योगिक वातावरण कमजोर भयो । रोजगारी सिर्जना खुम्चिँदै गयो । त्यसले युवा पलायनको भयावह स्थिति बन्दै गयो । अब पनि हामीले पहल लिएनौं र औद्योगिक वातावरण बनाएनौं भने देशको समस्या सम्बोधन गर्न सक्दैनौं,' प्रधानमन्त्री दाहालले भने ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# जर्मनीमा प्रशिक्षार्थी कामदार पठाउन ढिलाइ

## सम्झौता भएको चार महिनामा पनि अघि बढेन प्रक्रिया

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपाल र जर्मनीबीच भएको सम्झौताअनुसार प्रशिक्षार्थी कामदार पठाउने कार्यमा अन्योलता देखिएको छ । गत असोज २३ गते जर्मनीले शून्य लागतमा प्रशिक्षार्थी कामदार लैजानेगरी 'दक्ष श्रम आप्रवासन तथा ज्ञान आदानप्रदानसम्बन्धी संयुक्त घोषणापत्र' (ज्वाइन्ट डिक्लेरेसन अफ इन्टेन्ट)मा हस्ताक्षर गरेको चार महिना बित्नै लाग्दा पनि कुनै प्रक्रिया अघि बढेको छैन ।

सम्झौतामा जतिसक्दो चाँडो प्रशिक्षार्थी कामदार लैजान प्रक्रिया अघि बढाइने उल्लेख गरिएको छ । तर कुन क्षेत्रमा कसरी पठाउने भन्ने विषय नै अहिलेसम्म टुंगिएको छैन । यो विषय दुई देशबीच मस्यौदा आदानप्रदानमै सीमित बनेको छ । यद्यपि प्रशिक्षार्थी कामदारलाई कसरी रोजगारी दिन सकिन्छ भन्नेबारे बन्दै गरेको कार्यविधिमाथि द्विपक्षीय छलफल चलिरहेको श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।



*फाइल तस्बिर*

नेपालको तर्फबाट आवश्यक मस्यौदा तयार पारेर अध्ययनका लागि जर्मनी पठाइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजिव पोखरेलले बताए । 'हामीले ड्राफ्ट (मस्यौदा) बनाएर जर्मनी पठाइसकेका छौं,' उनले भने, 'अध्ययनकै क्रममा रहेकाले अहिलेसम्म प्रतिक्रिया आइसकेको छैन, अझै केही समय लाग्ला ।'

नेपालले पठाएको मस्यौदामा जर्मनीका अधिकारीहरूले सहमति जनाएको खण्डमा 'ज्वाइन्ट वर्किङ कमिटी'मा आवश्यक छलफल गरेर अन्तिम रूप दिइने पोखरेलले बताए । दुवै पक्षबीच भौतिक रूपमा सँगै बसेर काम गर्न नपाएका कारण सम्झौताअनुसारको परिणाम आउन ढिलाइ भइरहेको उनले बताए । 'मस्यौदा आदानप्रदानबाटै सबै काम गर्नुपर्ने भएकाले अलि बढी समय लागिरहेको छ,' उनले भने, 'सबै प्रक्रिया पूरा गर्दा अझै तीन महिना जति लाग्न सक्ने देखिन्छ ।' द्विपक्षीय छलफल र सहमतिपश्चात् आवश्यक प्रक्रिया पूरा गरी जर्मनीमा प्रशिक्षार्थी कामदार पठाउन बाटो खुल्ने प्रवक्ता पोखरेलको भनाइ छ ।

घोषणापत्रमा हस्ताक्षर भएलगत्तै कम्तीमा तीन महिनाभित्र नेपाली प्रशिक्षार्थी कामदार पठाउने प्रक्रिया सुरु हुने जनाएको मन्त्रालयले ढिलाइ हुनुको अन्य कारण भने खुलाएको छैन । यद्यपि यसमा कूटनीतिक पहल नपुगेको र नेपालको तर्फबाट प्रस्ताव गरिएका सेवासर्तहरूमा जर्मन अधिकारीहरू सहमत हुन नसकेका कारण ढिलाइ भइरहेको मन्त्रालय स्रोतको दाबी छ ।

लामो समयदेखि विद्यार्थी भिसा र व्यक्तिगत श्रम स्वीकृतिमा नेपालीहरू जर्मनी गइरहे पनि दुई देशबीच भएको सम्झौताले भने प्रशिक्षार्थी कामदार जाने ढोका खुलेको छ । सम्झौताअनुसार कामदारले शून्य लागतमा जर्मनी जान पाउने छन् । उनीहरूलाई एक वर्ष व्यावसायिक तालिम दिएर श्रमबजारमा पठाइने छ भने उक्त अवधिका निश्चित पारिश्रमिक उपलब्ध गराइने पनि सम्झौतामा उल्लेख गरिएको छ । जर्मनी जान पाउने प्रशिक्षार्थी कामदारले स्थानीय नागरिकसरह सेवा सुविधा पाउनुका साथै सामाजिक सुरक्षा, बिमालगायतका सुविधा पनि प्राप्त गर्ने छन् । हाल जर्मनीमा आठ हजारको हाराहारीमा नेपाली रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### आफैं लगानी ...

आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम सम्पन्न गरी परीक्षण उत्पादन सुरू गर्ने प्रस्तावित मोडालिटीमा उल्लेख छ । आव २०८२/८३ मा मेसिनहरू थप गर्ने, उद्योगको क्षमता विस्तार गर्ने, बुटवल धागो उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थको व्यवस्था र नियमित उत्पादन सुरू गर्ने प्रस्ताव गरिएको छ ।

कार्यदलको प्रतिवेदनमा वार्षिक सञ्चालन खर्च ७८ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । उद्योग पुनः सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने कार्यदलको निष्कर्ष छ । उद्योग सञ्चालनका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषको बजेट पर्याप्त रहेको र नेपाली सेनालगायत सरकारी कर्मचारीका लागि लत्ताकपडाको माग उद्योगले परिपूर्ति गर्ने भएकाले बजारका लागि कुनै समस्या नभएको सेनाको दाबी छ ।कार्यदलले उद्योग पुनः सञ्चालनका निम्ति नेपाल सरकारको नीतिगत र कानुनी सहयोगकोसमेत प्रस्ताव गरेको छ । जसअनुसार उद्योग पुनः सञ्चालनका लागि नीतिगत र कानुनी प्रक्रियामा सहयोग हुनुपर्ने, हालसम्मको दायित्व फरफारक गरी उद्योगको स्वामित्व नेपाली सेनामा हस्तान्तरण गर्नुपर्ने, उद्योगबाट उत्पादित कपडाको खपत सरकारी निकायमा गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्ने लगायतका विषय समावेश गरेको छ ।

### उद्योग ब्यूँताउन भन्दै यसअघि करोडौं झ्वाम

खारेज भइसकेको उद्योग वि.सं. २०६५ मा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा पुनः सञ्चालन गर्ने निर्णय भएको थियो । उत्पादित कपडा नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको पोसाकमा प्रयोग गर्ने भन्दै उद्योग सञ्चालनका लागि नौ करोड रूपैयाँ छुटयाइएको थियो । बजेट खर्च भयो तर उद्योग चलेन । त्यतिबेला प्रधानमन्त्री दाहाल नै थिए ।

त्यसपछि २०७५ सालमा नेपाली सेनालाई संलग्न गराएर उद्योग चलाउने योजना अनुरूप अध्ययन कार्यदल गठन गरेको थियो । त्यतिबेला कार्यदलले करिब ३० करोड रूपैयाँ खर्च गर्दा उद्योग सञ्चालनमा ल्याउन सकिने निष्कर्ष निकालेको थियो । तर त्यसपछि काम अघि बढ्न सकेन ।

२०७९ वैशाख ५ गते मन्त्रिपरिषद्को बैठकले हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखाना निजी क्षेत्रलाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो । त्यसको एक महिनापछि बजेट भाषणमा उद्योग सञ्चालन गर्ने योजना समेटिएको थियो ।

नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विगतमा सञ्चालन भएर वर्तमानमा बन्द अवस्थामा रहेका उद्योग पुनः सञ्चालन गर्ने व्यवस्था गरिएबमोजिम नेपाली सेनाले उद्योग पुनः सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो ।

### आन्तरिक किचलोमा...

'जो पछाडि बसेको छ, आफूलाई ड्राइभर भन्छ तर गाडीचाहिँ जीवनभर ठोकाएर थाङथिलो पारेको मान्छेले भनेको अनुसार त म कुदाउँदिनँ,' लिङ्देनले मिश्रप्रति कटाक्ष गर्दै भनेका छन्, 'जसले जीवनमा एउटा स्टेन्टबाट अर्को स्टेन्टसम्म राम्रोसँग गाडी पुर्‍याएकै छैन तर भन्नचाहिँ सधैंभरि आफूलाई ड्राइभर हुँ भन्छ । त्यस्तो ड्राइभरको कुरा राजेन्द्रले मानोस् त ?'

पछिल्लो समय लोहनी, मिश्र र जबरासहितका नेताहरूले अध्यक्ष लिङ्देनको आलोचना गर्दै आएका छन् । यसअघि सरकारमा गएको, फेरि सरकारमा जान जोडबल गरिरहेको, प्रदेश खारेजीको एजेण्डा बोक्ने दलले प्रदेशकै सभामुख लिएकोदेखि राजनीतिक सौदावाजीका लागि संसद्को पूर्वाधार विकास समितिको नेतृत्व लिएको भन्दै लिङ्देनको आलोचना हुँदै आएको छ । यसपछि लिङ्देन आलोचना गर्ने नेताहरूविरुद्ध खनिएका हुन् ।

उनले नेता लोहनीलाई पार्टी विभाजन गर्न लागेको अर्थ लाग्नेगरिको आरोप लगाएका छन् । 'निर्देशन समिति अध्यक्ष महाधिवेशनबाट निर्वाचित अध्यक्षभन्दा माथि हो ? होइन तर केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिलाई निर्देशन दिने ? यस्तो हुन सक्दैन । पार्टीभित्रै अलगै शक्तिको खेल सहन सकिँदैन,' उनले हालै एक टेलिभिजन अन्तर्वार्तामा भनिसकेका छन् ।

नेताहरू लोहनी, मिश्र र जबराले राजसंस्था र हिन्दूराष्ट्र कायम गराउने राजनीतिक आन्दोलनको अगुवा लिङ्देनलाई भन्दा देशको अन्तिम राजा ज्ञानेन्द्र शाहलाई लिने गरेका छन् । लिङ्देननिकट स्रोतका अनुसार यसबाट पनि लिङ्देन असन्तुष्ट बनेका हुन् । तर, राप्रपा महामन्त्री जबरा भने पार्टी नवीन राप्रपाको अवधारणाअनुसार विधिमा सञ्चालन गर्नुपर्ने र त्यसो हुन नसकेको बताउँछन् । जसको जिम्मेवार उनी अध्यक्ष लिङ्देनलाई देख्छन् ।

'पछिल्लो उदाहरण लिउँ कि कोशीमा सभामुख हाम्रो पार्टीबाट भयो । जुन एकदमै गलत हो । प्रदेश खारेजीको माग राख्ने दलले प्रदेशकै सभामुख लिनु नैतिकरूपमा मिल्छ ? अनि, पार्टी विधिमा चलाउने भनिएको छ, विधिमा चलेको छ त ?,' उनले भने ।

लोहनी-जबरा पक्षले निर्देशन समितिको निर्देशन दिने निर्णयलाई केन्द्रीय समिति र कार्यसम्पादन समितिमध्ये कुनै पनि पार्टीको संरचनाबाट खारेज गरेर चुनौती दिएका छन् । जबकि, यी दुवै समितिमा लोहनी-जबरा पक्षको बहुमत छ । यसले गर्दा लिङ्देनलाई निर्देशन समितिको निर्देशन खारेज गराउन सहज छैन । पार्टी प्रवक्ता लावतीका अनुसार निर्देशन समिति पार्टीमा नियन्त्रण र सन्तुलन कायम गराउने विधानमा व्यवस्था भएको पार्टीको आन्तरिक संरचना हो । यहाँ लिङ्देन पदेन सदस्य छन् । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसमेत पदेन सदस्य रहेको प्रवक्ता लावतीले बताए । पार्टी नेतृत्व स्वेच्छाचारी हुने सक्ने आधारमा निर्देशन समिति गठन भएको हो । तर, यो समितिले गरेको निर्देशनलाई अध्यक्ष लिङ्देनले लत्याउने भएका हुन् ।

यसरी पार्टीमा उत्पन्न आन्तरिक गतिरोध जारी रहेपछि फागुनमा गर्ने भनिएको आन्दोलनमा असर पर्ने देखिएको छ । लिङ्देन आफैं आन्दोलन मूल आयोजक समिति संयोजक हुन् । आन्दोलन परिचालन समिति संयोजक भने महामन्त्री जबरा हुन् । तर, लिङ्देन नेतृत्वको समितिले आन्दोलन तयारीको कामै नगरेको स्रोतको दाबी छ ।


## रोमानीयामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORKPOWER SRL

पूर्व स्वीकृति मिति २०७८/०२/०७ | पून: स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 263057 | चलानी नं.६०१८७८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब US | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 5 | 0 | 650 | ८६२०९ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaner | 10 | 2 | 550 | ७२९६४ | | | | | | | |
| 3 | Construction Worker | 18 | 0 | 600 | ७९५७८ | | | | | | | |
| 4 | General Worker | 18 | 10 | 550 | ७२९६४ | | | | | | | |
| 5 | Kitchen Helper | 7 | 0 | 550 | ७२९६४ | | | | | | | |
| 6 | METAL WORKER | 7 | 0 | 600 | ७९५७८ | | | | | | | |
| 7 | WELDER | 8 | 0 | 600 | ७९५७८ | | | | | | | |
| 8 | wood processor | 3 | 0 | 600 | ७९५७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 330/059/60

**Kaushik Janashakti International Pvt. Ltd.**
Prakash Ashram Marg, Airport Kathmandu, Nepal
Email : info@kjinepal.com / kjinepal2022@gmail.com
Contact no: 01 5911977,015911978, 9863028276
Website: www.kjinepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIXCO GROUP W.L.L

पुर्व स्वीकृति मिति २०८०/०३/०७ | पुन: स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 288173 | चलानी नं. ६०२०३५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 3 | 0 | 1000 | ३६,४९१ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | PAINTER | 8 | 0 | 1100 | ४०,१४० | | | | | | | |
| 3 | PLUMBER | 5 | 0 | 1100 | ४०,१४० | | | | | | | |
| 4 | plumber assistance | 1 | 0 | 1100 | ४०,१४० | | | | | | | |
| 5 | SUPERVISIOR | 8 | 0 | 2500 | ९१,२२८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Dhangadhi, Kailali**

## Amendment Notice No.1

**Date of Publication: 1st Feb, 2024**

In Reference to invitation for electronic bid notice published on 8th Jan, 2024 on the Madhyana National Daily News Paper for the Construction of Lamki Chuha Co-Financing Water Supply and Sanitation Project Package-I, Kailali (Contract No: 01/2080/081/CoF/WSP/FWSSMP/Kailali) some amendment has been made as bellow.

- Change in Section III: Evaluation and Qualification Criteria 2.4.2 Specific Construction Experience on (b) Construction Experience in Key Activity, BoQ Items and bid submission deadline extend to 12:00 noon of 8th feb, 2024.
- For more detail Addendum Bidding documents is available online and can be downloaded from e-GP system; www.bolpatra.gov.np/egp.

**Project Chief**

## गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानीमता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८०/१०/१८)**

यस कार्यालयबाट मिति २०८०।०९।२६ मा प्रथम पटक सूचना गरी प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरूको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन भई तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकनको आधारमा सारभूतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | सामग्रीको नाम र ढुवानी स्थल | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | GRM/GOODS/SQ/02/080/081 | Supply, Delivery of Sanitary Pad for Gurans Rural Municipality, Dailekh | Sarobar Trade Concern, Birendranagar 03, Surkhet | ने.रु. ९,५३,००१।३२ |

**नि. प्रमुख प्रशासकिय अधिकृत**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

माघ १८ गते २०८०, बिहीबार

| | |
|---|---|
| **मेष** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **वृष** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **मिथुन** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **कर्कट** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **सिंह** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **कन्या** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |
| **तुला** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **वृश्चिक** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **धनु** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **मकर** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **कुम्भ** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मीन** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ १८ गते, २०८०, १ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङ्गेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदायचन।लउ मा उपलब्ध हुनेछ ।

# कोप-२९ को आवश्यक तयारी थाल्न सरकारलाई निर्देशन

**काठमाडौं (प्रस)**– दिगो विकास तथा सुशासन समितिको बैठकमा कोप-२८ (जलवायुसम्बन्धी शिखर सम्मेलन) सम्बन्धी समीक्षा भएको छ । समितिको बुधबारको बैठकले 'कोप-२८ मा नेपालको सहभागिता सम्बन्धमा समीक्षा र आगामी कार्यदिशा सम्बन्ध' मा छलफल गरेको हो ।

छलफलमा समितिका सभापति प्रकाश पन्थले कोप-२८ को समीक्षाबाट समयमै कार्ययोजना बनाएर आगामी सम्मेलनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन जरुरी रहेको बताए । उनले कोप-२९ को आवश्यक तयारी यथाशीघ्र अगाडि बढाउन सरकारलाई निर्देशन दिइएको जानकारी दिए ।

सभापति पन्थले पछिल्लो सम्मेलनको समीक्षाबाट अन्तर्राष्ट्रिय संघसस्थासँगको सहकार्यलाई थप प्रभावकारी बनाएर जानुपर्ने, जलवायु परिवर्तनका विषयमा बहुपक्षीय सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरी आगामी कार्ययोजना तय गर्नुपर्नेलगायत विषयमा सरकारलाई यथाशीघ्र तयारी अगाडि बढाउन निर्देशन दिइएको बताए ।

समितिका सचिव डा. रोजनाथ पाण्डेले हिमाली क्षेत्रको जलवायु सम्मेलन तथा सगरमाथा संवाद सञ्चालन गर्ने विषय उठानसँगै कार्यान्वयन पनि गर्नुपर्ने उल्लेख गरे । उनले सम्मेलनबाट प्राप्त उपलब्धिको उपयोग गर्ने र विवरण संकलनमा प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. बुद्धिसागर पौडेलले कोप-२८ मा 'हिमाल, पहाड जोगाऊ' भन्ने अभियानलाई प्राथमिकता दिएको बताउँदै आगामी सम्मेलनलाई प्रभावकारी बनाउन थप सहकार्य र समन्वय आवश्यक रहेको औंल्याए ।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सेना र मधेसी आयोगकी सदस्य रेनु शाहले जलवायु परिवर्तनसम्बन्धी विषय विद्यालयस्तरका पाठ्यक्रममा समावेश गराउन आवश्यक रहेको बताएका थिए । अध्यक्ष तिमल्सेनाले प्रकृति, जनता, जीव र जीवनपद्धतिलाई जोडेर सम्मेलनको एजेण्डा बनाउनुपर्नेमा जोड दिए । राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले जलवायु परिवर्तनबाट सबैभन्दा बढी महिला तथा बालबालिका पर्ने गरेकाले तीनै तहले लैंगिक उत्तरदायी, जलवायु लक्षित बजेटबीच तादाम्यता कायम गर्न आवश्यक रहेको उल्लेख गरिन् ।

दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर र थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले जलवायु परिवर्तनको नकारात्मक असरबाट सीमान्तकृत समुदायभन्दा बढी प्रभावित भएकाले उक्त समुदाय लक्षित कार्यक्रम सञ्चालन तथा लाभ वितरण हुनुपर्नेमा जोड दिए ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १७२ माघ १७ गते २०८० मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को Lot No. 287147 को **Aqrab Almadina General Security Guard Services** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता** मिति: २०८०/०४/२५ **(8th Feb, 2024)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१०/१८

यस कम्पनीको मिति २०८०/०९/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ज्ञान दिप विद्या मन्दिर प्रा.लि. (प्रा.लि. नं. ४३२२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१०/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एपेक्स गोदावरी एकेडेमी कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**अरिहन्त पोलिप्याक लिमिटेड**
सोनापुर, सुनसरीको

## वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

अरिहन्त पोलिप्याक लिमिटेडको मिति २०८०/१०/०४ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७९।८० को १६ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८०।१०।२८ गते (तदनुसार ११ फेब्रुवरी २०२४)
समय : दिनको २.३० बजे
स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**छलफलका लागि प्रस्तुत हुने विषयहरु :**

१. संचालक समितिले तयार गरेको आ.व.२०७९।८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८० को बासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण उपर छलफल गरी पारित गर्ने ।
३. चालु आर्थिक बर्ष २०८०।०८१ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्वन्धमा ।
५. बिविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## सच्याइएको

प्रभाव दैनिक अंक २६५ मिति: २०८०/१०/१० गते प्रकाशित गौरीगंगा साझेदारी वन उपभोक्ता समूह गौरीगंगा न.पा.८ **कैलालीको काठ दाउरा संकलन सम्बन्धि सूचना**मा बोलपत्र खरिद मिति: २०८०/११/१० गते र बोलपत्र दाखिला मिति: २०८०/११/११ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ ।



## भगवती सा.व.उ.स चौदण्डीगढी नपा ९ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१०/१८

यस समूहको बार्षिक कार्ययोजना अनुसार आ.ब. २०७८-०७९ मा संकलन गरि घाटगद्दी गरेको साथै यस समुहको आन्तरिक खपत भई बाँकी रहेको साल जातको गोलीया थान २० को २०८.७८ क्यु फिट काठ समूह बाहिर विक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।



## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/१०/१८**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. १६९४ मिति १०७९/१०/१७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १८६४ मिति २०८०/१०/०७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, सिसौं र धौटी जातका गोलिया थान ९५ को १०३५.७२ काठ, साल जातको दाउरा २.०० चट्टा र अन्य जातको दाउरा १.५० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो २:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री भूवर भवानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-३, बाँके**



## डिभिजन वन कार्यालय उदयपुर, गाईघाटको गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।१०।१७

यस कार्यालय अन्तर्गतको वेलकातरी राष्ट्रिय वन क्षेत्रका ढलापडा रुखहरु कटान, मुछान गरी उत्पादन भई हाल रामपुर सब.डि.व.का.,अन्तर्गत घुम्नेचौरी तथा सब डि.व.का. तपेश्वरी अन्तर्गतको खुरहुरिया चौरीमा घाटगद्दीमा रहेका, विभिन्न स्थानका जोखिमपुर्ण रुखहरु कटान भई उत्पादन भएका तथा विभिन्न समयमा वन हानीनोक्सानी मुद्दामा बरामद भएका लट नं. १० तथा देखि लट नं. १६ लट न २७ सम्मका गोलिया काठ तथा आ.ब. २०७९।०८० मा लट कायम भएका लट नं. ६० र ६१ का गरी जम्मा १५ वटा लटका साल जातका गोलिया थान ५९५ को ७२९२.२३ क्यू.फि., अन्य जातको गोलिया थान ३७० को 2999.43 क्यू.फि., साल वल्लाबल्ली थान ११ को २७.८३ क्यू.फि. काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न सूचना प्रकाशित गर्ने भनी यस कार्यालयबाट मिति २०८०।१०।१७ मा निर्णय भएकोले काठ, दाउरामा आधारित उद्योग सञ्चालन गरेका र प्रचलित कानून बमोजिम दर्ता भई रितपुर्वकको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) वा मुल्य अभिबृद्दि कर (VAT) दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र, सूची दर्ताको प्रमाणपत्र भएका ईच्छुक उद्योगहरुले यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वन निर्देशनालय धरान, सुनसरी, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र यस कार्यालयबाट प्रत्येक लटको अलग-अलग बोलपत्र खरीद गरी २२ औं दिनको १२ बजे भित्र बोलपत्र खरिद गरेको कार्यालयमा लट अनुसार अलग-अलग बोलपत्र तथा अन्य आवश्यक कागजातहरु शिलबन्दी गरी दाखिला गर्नहुन आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा वेभसाईट www.dfoudayapur.gov.np मा हेर्न सकिनेछ र टे.फो.नं. ०३५-४२२१३४ मा समेत सम्पर्क राख्न सकिनेछ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BLACK DRINK ESTABLISHMENT FOR SERVING BEVERAGES**

पूर्व स्वीकृति मिति : २०८०/१०/१७ | LT No. 299137 | चलानी नं. ६०२१४११८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | my coffee | 3 | 0 | 1300 | ४६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: १०,०००।-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
ईजाजत नं. १३६५/०७४/७५
Basundhara-3, Kathmandu,BAGMATI
Phone: 01-5905757, Fax:01-5905758, info@green-lightgroup.com



## नाम परिवर्तन भएको सूचना

**पाथिभरा मल्टी सर्भिस एण्ड टेक्निकल ट्रेनिङ्ग सेन्टर ईलाम प्रा.लि.** को मिति २०८०।०८।२० मा भएको विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनीबाट सृजना भएको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न पर्ने कर दायित्व आदि सवै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने सर्तमा साविक नामबाट नाम परिवर्तन गरी **ग्रीन पावर डेभलपमेन्ट प्रा.लि.,ललितपुर** कायम गर्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएको ले सर्वसाधारण तथा सरोकारवाला सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।



## नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

### प्रतीक चिन्ह (लोगो) प्रतियोगितासम्बन्धी सार्वजनिक सूचना

बाल अधिकार संरक्षण तथा प्रवर्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक सङ्घ-संस्था तथा नीजि क्षेत्रहरूले उत्पादन, प्रसारण तथा प्रकाशन गर्ने बाल अधिकार प्रवर्द्धनात्मक सूचना तथा स्रोत सामग्रीहरूको विश्वसनीयता अभिवृद्धि गर्न, दोहोरोपना र अस्पष्टता हटाउन तथा बालबालिका चित्रण गरिएका विज्ञापन सामग्रीहरूसमेतको विषयवस्तुहरू बाल संवेदनशील बनाउने उद्देश्यले बालबालिकासम्बन्धी नियमावली २०७८ को नियम ७९ बमोजिम परिषद्अन्तर्गत गठित बालबालिकासम्बन्धी सूचना सामग्री प्रमाणीकरण उप-समितिमा त्यस्ता सूचना सामग्रीहरू प्रमाणीकरण गर्ने व्यवस्था गरिएको छ । सो प्रयोजनका लागि परिषद्ले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा सूचना सामग्री प्रमाणीकरण चिन्ह (प्रतीक चिन्ह) खुला प्रतिस्पर्धाबाट निर्माण गर्ने भएको हुँदा इच्छुक व्यक्ति/संस्थाहरूले देहायबमोजिमको शर्तहरूका आधारमा **बालबालिकासम्बन्धी सूचना सामग्री प्रमाणीकरण चिन्ह (प्रतीक चिन्ह)** निर्माण खुला प्रतियोगितामा सहभागिताका लागि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सर्तहरू:**

१. प्रतीक चिन्ह (लोगो) मा नेपालीपन सहितको बाल अधिकारको प्रवर्द्धनात्मक भाव झल्किएको हुनुपर्नेछ ।
२. प्रतीक चिन्ह (लोगो) प्राथमिक रङहरूको प्रयोग गरी निर्माण गर्नुपर्नेछ ।
३. प्रतीक चिन्ह (लोगो) एकल (मोनो) रङ १ थान र बहु (फो) रङ १ थान बुझाउनु पर्नेछ ।
४. प्रतीक चिन्ह (लोगो) को साइज ४x४ इन्चदेखि ६x६ इन्चसम्मको हुनुपर्नेछ अथवा ३०० डिपिआई (DPI) रेजुलेसनको हुनुपर्नेछ ।
५. प्रतीक चिन्ह (लोगो) को डिजिटल र हार्डकपी उपलब्ध गराउनु पर्नेछ ।
६. प्रतीक चिन्ह (लोगो) निर्माण गरी मिति २०८० माघ २५ गतेभित्र परिषद्को इमेल ठेगाना ncrc.council@gmail.com मा पठाउनु पर्नेछ ।
७. प्रतीक चिन्ह (लोगो) को छनोट नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा गठित प्रतीक चिन्ह (लोगो) निर्माण समितिले निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ ।
८. प्रतिस्पर्धाबाट उत्कृष्ट पाँचमा पर्न सफल प्रतीक चिन्ह (लोगो) निर्माण गर्ने प्रतियोगीहरूलाई प्रमाण-पत्र र सोमध्येबाट छनोट भएको एक प्रतियोगीलाई नगद पुरस्कारको व्यवस्था गरिनेछ ।

**सदस्य सचिव**
**राष्ट्रिय बाल अधिकार परिषद्**



## बि.एम. सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा. ली. को नियुक्त लिक्वीडेटर पोषकलाल श्रेष्ठको कार्यालयद्वारा प्रकाशित अचल सम्पत्ति बिक्री गर्ने सूचना

**अन्तिम पटक प्रकाशित मिति २०८०/१०/१८**

यस बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा. ली. को मिति २०८०।०६।२१ को निर्णय अनुसार कम्पनी लिक्वीटेशनमा लैजाने भएकोले कम्पनिका नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखीत अचल सम्पती जाँहा जुन अबस्थामा छ सोही अबस्थामा बिक्री गरी कम्पनीको दायित्वहरु चुक्ता गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त अचल सम्पत्ति खरिद गर्न चाहने फर्म कम्पनी तथा सर्वसाधारण व्यक्तीहरुले का.जि.का.म.न.पा. वडा नं.७ चाबहिल स्थित कम्पनीको लिक्वीडेटरको कार्यालयमा सम्पर्क गरी अचल सम्पती खरिद प्रकृया सुरु गर्नका लागी यो सूचना प्रकाशीत गरीएको छ ।

**तपसिल**

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५३ | ४९५०.०० ब.मी. | |
| २ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ५५ | ५८४५.०० ब.मी. | |
| ३ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ४२ | १०१४०.०० ब.मी. | |
| ४ | मोरङ | भौडाहा | ६ | १७८०५८८ | ३१७ | २७५.०० ब.मी. | |

**जम्मा क्षेत्रफल २१२१०.०० बर्ग मिटर**

**सम्पर्क:- बि.एम.सि. सिल्ट इन्भाइरोन्मेन्टल सर्भिसेज प्रा.ली., कोलिक्वीडेटर पोषकलाल श्रेष्ठ का.जि.का.म.न.पा. वडा नं. ७ चाबहील, फोन नं. ९८५१०९४४७१, इमेल: pl.poshak@gmail.com**



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/१०/१८ गते)

बल बहादर तामाङ्गको नातिनी, राम बहादुर तामाङ्गको छोरी, बिर्ख बहादुर तामाङ्गको श्रीमती मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी नगरपालिका वडा नं. ७ बस्ने श्रीमती मनमाया तामाङ्गको मिति २०८०/०५/०९ गते मा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०२०००१३४५५२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोरी श्रीमति माया तामाङ्गले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय उर्लाबारी, मोरङ्ग फोन नं. ०२१-५४२०६२/६३



# फिक्कल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

## बोलपत्र आव्हान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१८)

यस फिक्कल गाउँपालिकाको आ.व.०८०/८१ मा स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा तपशिलमा उल्लेख भएको ठेक्काको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्बजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| S. N | Contract No. | Description of Work | Bid Security Amount | Price of Bid Document | Estimate cost Without Vat | Bid validity Period | Last Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | FRM/Sindhuli/Works/NCB/07/080-81 | Saubhagya-Rural Municipality Office-Gaikhure Gravel and Side Drain Works | Rs. 75,000.00/- | Rs. 3000.00/- | Rs. 25,68,662.35/- | 120 Days | 2080-11-18 |

**नोट**:- बोलपत्र सम्बन्धि अन्य जानकारी लिनु परेमा www.phikkalmun.gov.np मा हेर्नुहोस् वा यस कार्यालयको फोन नं. ९८५४०४५३६२ वा ९८४९६१९९८६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Free Visa!! Free Ticket!! Free Recruitment !!
## कुवेत/ओमनमा नि:शुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : **GRAND HYATT KUWAIT (SPIRIT REAL-ESTATE DEVELOPMENT CO.)**

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 299027 | चलानी नं. ६०२१४०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 5 | 220 | ९५,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis Chef | 5 | 5 | 200 | ८६,३७५ | | | | | | | |
| 3 | Housekeeping Attendants | 5 | 5 | 140 | ६०,४६० | | | | | | | |
| 4 | Waiter/waitress | 10 | 10 | 160 | ७०,००० | | | | | | | |

कम्पनी : **AL SIRAJ HOSPITALITY MANAGEMENT SERVICES LLC**

पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 276591 | चलानी नं. ६०१९२१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 7 | 0 | 150 | ५१,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dishwasher | 2 | 0 | 120 | ४१,४१५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 140 | ४८,३१५ | | | | | | | |
| 4 | Waitress (Female) | 5 | 0 | 140 | ४८,३१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839, 9863194834, 9963194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सेनालाई उद्योगको साँचो ?

पटक-पटक प्रयास गर्दा पनि हेटौंडा उद्योग सञ्चालनमा आउन सकेको छैन । वि.सं. २०३२ सालमा स्थापना भएर त्यसको तीन वर्षपछि उद्योग सञ्चालनमा आएको थियो । २०५५ पछि राजनीति छिरेसँगै उद्योगमा समस्या आयो । दुई वर्षपछि त उद्योग बन्द नै भयो ।

उक्त उद्योग चलाउन २०६५ पछि सरकारैपिच्छेका अर्थमन्त्रीले घोषणा गर्ने काम गरे । तर कपडा भने उत्पादन हुन सकेन । २०७० पछि भने सेनाले यो उद्योगमा हात हाल्न निरन्तर चासो दिएको छ ।

ठेकेदार बनेपछि विवादमा तानेको सेनाले काठमाडौं तराई द्रुतमार्ग समयमा बनाउन सकेको छैन । दार्चुलाको तिंकर सडकमा पनि सेनाले काम नियमित गतिमा अघि बढाउन सकेको छैन । यसअघि पनि सेनाले लिएको ठेक्कामा विभिन्न विवाद नआएका होइनन् । तैपनि सेना उद्योगपति चाहनामा पनि अघि बढेको छ ।

हेटौंडा सिमेन्टमा भने सेनाले निरन्तर गरिरहेको छ । सेनाले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई यो उद्योग सञ्चालनको प्रस्ताव पेस गरेका छन् । आफ्नो कल्याणकारी कोषको करिब दुई अर्ब रूपैयाँ खन्याएर उद्योग ब्युँताउने प्रस्ताव सेनाले गरेको हो । माओवादी केन्द्र नेतृत्वले यसअघि सेनाको कुनै काम नभएको तर्क गर्दै आएको थियो । नभन्दै अहिले सेनाको काम पनि देखिएको छैन ।

यस्तो बेला बन्द सरकारी उद्योग सञ्चालनमा चासो देखाउँदा प्रधानमन्त्री दाहालले वाहवाहीको आशासमेत गरेका होलान् । किनकि प्रधानमन्त्री दाहाल आफैं पनि केही काम गर्न नसकी वर्ष दिन बिताएका सरकार प्रमुख हुन् । मन्त्रीहरू र सरकारी कर्मचारीले निर्देशन टेर्न छाडेपछि दाहाल अचेल आफ्नै सचिवालयको संख्या कटौती गरेर बसेका छन् । पुस १२ गते एकै हप्ताभित्र प्रधानमन्त्री कार्यालयको ६८ जना कर्मचारी हटाउने गरी मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । तर कर्मचारीले दाहालको निर्णय टेरपुच्छर लाएका छैनन् । यस्तो बेला दाहालले फेरि हेटौंडा उद्योग पुनः सञ्चालनको चर्चा चलाएका हुन् । देशको सीमा सुरक्षाका लागि खट्नुपर्ने सेनालाई उद्योग सञ्चालनको जिम्मा दिनु कतिको ठीक ? पक्कै पनि प्रश्न गर्नुपर्ने देखिन्छ । बन्दुक तेर्स्याउँदा उद्योग चल्छ भन्ने सरकारको सोच हो भने सेना सरकारकै अंग हो । बजेट सरकारले हालेर सेनाले सुरक्षा दिएर पनि उद्योग सञ्चालन गर्न सकिन्छ । जनतालाई रोजगारी दिने चाहना हो दाहालको भने यसलाई नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकमजस्तै प्राधिकरणका रूपमा लैजाँदा झनै राम्रो हुन्छ ।

### मननयोग्य

#### चाणक्य नीति

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ। कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

# 'मासिन्या' हेरेपछि...



▶▶ रवीन्द्र तामाङ

> डाँडागाउँको गाई खाने भोट्या तामाङको मात्र कथा होइन, समग्र तामाङलगायत 'मासिन्या' कहलाउने नेपाल अधिराज्यभर बसोबास गर्ने जनजातिहरु सुनुवार, राई, लिम्बूहरूको पनि प्रतिनिधि कथा हो ।

**तामाङ नाटकका प्रसंगः**

मुलुकमा गणतन्त्र आएपछि शिल्पी थिएटरमा 'म्हेन्दो माया' र 'सोनाम ग्याल्मो' नाटक लिएर पत्रकार एवं कवि फूलमान बल देखापरेका थिए । दुवै नाटक तामाङ लोक संग्रहित 'गोले झाँक्री र गोसाइँकुण्ड' र 'जार जंगबहादुर' संकलित लोक कथाहरूबाट प्रभावित भएको पाएको थिएँ । पहिलो नाटक 'म्हेन्दो माया'को समीक्षा 'छार गोङमा' पत्रिकामा प्रकाशित भयो । कार्यव्यस्तताका कारण 'सोनाम ग्याल्मो'को समीक्षा गर्न पाइनँ । त्यसपछि थिएटरमा तामाङ विषयवस्तुमा आधारित नाटक मञ्चन देखिएन । जुन रिक्ततालाई पूर्ति गर्दै पत्रकार एवं कवित्रय लक्ष्मी रुम्बा, राजु स्याङ्तान र रावत (रामबहादुर तामाङ) ले 'मासिन्या' नाटक ल्याएका छन्, जुन मण्डला थिएटरमा मञ्चन भइरहेको छ । माघ ११ गतेदेखि सुरु भएको 'मासिन्या' २८ गतेसम्म चल्ने छ । प्रिमियर शोदेखि नै 'हाउसफुल'का साथ चलिरहेको 'मासिन्या' गत शनिबार (माघ १३ गते) दिउँसो २ बजेको शो हेर्ने मौका जुर्‍यो ।

**कथासारः**

रंगमञ्चको पर्दा खुल्नसाथ मानसिक पीडाबाट विक्षिप्त चेली पाल्मो (दिलमाया र छेवाङकी छोरी साङ्मोकी भदैनी) लाई बोन्बोहरूले घेरिरहेका हुन्छन् । मूल बोन्बो (सोनाम लामा) ढ्यांग्रो बजाउँदै मन्त्र फलाकेर उसलाई केरकार गरिरहेको हुन्छ । पाल्मो (साङ्मोको आत्मा) बोन्बोसामु आफू यसरी मानसिक रोगी पाल्मोको शरीरमा प्रवेश गरेर आफू प्रेत भएको भएको कुरा बक्छिन् ।

**नाटक फ्ल्याक्सब्याकमा पुग्छ ।**

राजधानी काठमाडौंको उत्तर-पश्चिम दिशामा रहेको पहाड डाँडा गाउँकी म (साङ्मो) चेली हुँ । शिवपुरी राष्ट्रिय निकुञ्ज नजिकै रहेका कारण म घाँसदाउरा लिन वनमा दिनहुँजसो गइरहन्थेँ । सोही क्रममा आवतजावत हुँदा मेरो भेट च्याङ्बा (रूपेश लामा) सँग हुन पुग्यो । पटक-पटकको भेटघाट र भलाकुसारीले हामीबीचमा निकटता बढ्यो । एक अर्कामा गहिरो प्रेम हुन पुग्यो ।

टुहुरो च्याङ्बा मामाघरमा मामा (विष्णु मोक्तान) सँग बस्थे । बाल्यकालमा नै आफ्नो बाआमा बितेका कारण ऊ बुवाआमाको स्मृतिमा डाँडागाउँमा एउटा छर्योतेन/माने बनाउने चाहना राख्थ्यो । त्यसैले ऊ भिरपाखाबाट राम्राराम्रा ढुंगा ल्याएर छर्योतेन बनाउन लागिपरेका थिए ।

त्यहीबेला आफूले निर्माण गरिरहेको छर्योर्तेन नै मासिनेगरी सडक निर्माण हुन लागेको जानकारी उसले पायो । आफ्नो जीवनको एकमात्र लक्ष्य, आमाबाबुको स्मृतिमा बनाएको छर्योर्तेन निर्माण गर्ने सपना चकनाचुर हुन लागेकाले सडक निर्माण कार्य रोक्न भूतपूर्व वडाध्यक्ष (विजय नेपाल)सामु गुहार माग्न पुगे । तर, वडाध्यक्षले आफू भूतपूर्व भएको र आफ्नो गाउँमा आएको सडक निर्माणलाई रोक्न नसक्ने च्याङ्बालाई बताउँछ । जसको पिरलो च्याङ्बाको मन मस्तिष्कमा पर्न गयो ।

यसैबीच एकातिर मामा (विष्णु)लाई आफ्नो टुहुरो भाञ्जाको प्रेम साङ्मोसँग भएको जानकारी भयो । त्यही कारण एकातिर भाञ्जाको प्रेमलाई विवाहमा परिणत गर्न माघे संक्रान्तिको दिन सगुन पोङ लिएर कुरा छिन्न जाने तयारी गरिरहेका थिए मामा । अर्कोतिर संक्रान्तिको दिन आफूलाई माग्न च्याङ्बा मामालाई लिएर ताम्बा, गान्बा, गान्सोम, लामासहित आउने कुराले साङ्मो फुरुक्क भएर चाड मनाइरहेकी थिइन् । तर साँझ परिसक्दा पनि च्याङ्बा नआएपछि दाजुभाइ खलक र गाउँलेहरू अ-आफ्ना घर फर्किन्छन् ।

यहीबीचमा च्याङ्बाका साथीहरूमार्फत उनलाई प्रहरीले पक्रेर लगेको थाहा हुन्छ । प्रेम र हर्षमा रमिरहेकी साङ्मो र उनको परिवारमा एकाएक पीडा छाउँछ । च्याङ्बा र साङ्मोका परिवार, साथीभाइ र गाउँलेहरू चौकी पुग्छन् । केही नलागेपछि उनीहरू आफ्नै गाउँका पूर्ववडाध्यक्ष विजयसमक्ष च्याङ्बालाई छुटाइदिन अनुरोध गर्न पुग्छन् । पूर्ववडाध्यक्षले च्याङ्बालाई छुटाउन सजिलो नभएको जवाफ दिन्छ । उनीहरूले कारण सोधे- वडाध्यक्ष आफूले दिएको गाईलाई च्याङ्बाको परिवारले रिठ्ठे भिरबाट लडाएर हत्या गरी गाई (राष्ट्रिय जनावर)को मासु गाउँभरका तामाङहरूले बाँडेर माघे संक्रान्ति मनाएका कारण च्याङ्बालाई पक्राउ गरिएको बताउँछन् । जबकि यस घटनाको उजुरीकर्ता उनै पूर्ववडाध्यक्ष भएको बुझिन्छ ।

यसपछि सबै हतास भएर गाउँ फर्किने क्रममा माओवादी जनयुद्धमा लागेका एक कार्यकर्ता (रविन दोङ) आइपुग्छ । उसले उनीहरूको विवशतामाथि फाइदा उठाउन जनयुद्धतर्फ लाग्न प्रेरित गर्छन् । सुराकीबाट जानकारी पाएर त्यहीबेला प्रहरीको टोली त्यहीं आइपुग्छ । विद्रोही माओवादीलाई सहयोग गरेको आरोपमा उनीहरूमाथि सांघातिक हमला हुन्छ । साङ्मोमाथि त सामूहिक बलात्कार नै गरे । त्यही पीडाले म विक्षिप्त हुन पुगेर आत्माहत्या गरेर प्रेत भएकी हुँदा भदैनीको आत्मामा प्रवेश गरेको हुँ भन्छे ।

यसरी गाउँलेहरू एकातिर राज्यसत्ताका नीति, नियम र कानुन, अर्कोतिर माओवादी, सेना र प्रहरीजस्ता सुरक्षा निकायको दोहोरो चापमा पर्छन् । जसका कारण गाउँमा बस्न नसकेर तामाङहरू आफ्नो पुर्ख्यौली भूमि छाडेर अन्यत्र बसाइँ सर्न बाध्य हुन्छन् । च्याङ्बा भने गाई मारेर खाएको अपराधको जेल सजाय काटेर गाउँ फर्किन्छ । ऊ आफ्नो आमाबाबुको स्मृतिमा बनाउन नसकेको छर्योर्तेनको भग्नावशेषमा भएका ढुंगाहरूले खुकुरीमा साँध लगाएर बसेको पीडादायी दृश्य देखाइन्छ ।

यतिकैमा रंगमञ्चमा नाटक आरम्भ गर्दाको दृश्य पुनः देखिन्छ । जहाँ मूल बोन्बो सोनामले ढ्यांग्रो ठटाउँदै मन्त्रोच्चारण गरेर पाल्मोलाई बकाइरहेको हुन्छ । अन्य बोन्बोले उनलाई घेरा लगाएर बसेका हुन्छन् । ऊ चिच्याहट गर्दै च्याङ्बा... च्याङ्बा... भनिरहेकी हुन्छे । यतिकैमा पाल्मोको शरीरबाट साङ्मोको आत्मा निस्किन्छ । पर्दा बन्द हुन्छ । 'मासिन्या' नाटक सकिन्छ ।

**विषय प्रवेशः**

माथि उल्लिखित कथासार कवीत्रय रुम्बा, स्याङ्तान र रावतद्वारा लिखित तथा बुद्धि तामाङ र सोनाम लामाद्वारा निर्देशित 'मासिन्या' नाटकको हो । नाटकका लेखकहरूले च्याङ्बा र साङमोको प्रेमिल कथालाई उनेर परम्परादेखि चलिआएको तामाङ सांस्कृतिक सम्पदा माने, छर्योर्तेनहरू राज्यले गर्ने विकास निर्माणका नाउँमा भत्काइँदै जानु, युगौयुगदेखि खाँदै आएको गाईको मासु राष्ट्रिय जनावर बनाएपछि खान नपाइनु, पुर्ख्यौली थातथलो सरकारले निकुञ्ज निर्माण गर्ने क्रममा अधिग्रहण हुनु, गरिबीको चक्रका कारण अशिक्षितमात्र नभई भएका जग्गा जमिन पनि बिक्री गर्न विवश हुनुपर्ने बाध्यात्मक परिस्थितिका कारण पहिचानमात्र नभई पुर्ख्यौली थलो नै छोडेर बसाइँसराइ गरेर हिँड्नुपर्ने बाध्यात्मक अवस्था देखाउन खोजेका छन् । यस नाटकमार्फत दर्शकलाई आदिवासीहरूलाई जल, जंगल र जमिनमाथिको पहुँचबाट टाढा बनाएर उनीहरूको पहिचान कसरी मेटिँदै छ भनेर देखाउन खोजेको जस्तो देखिन्छ ।

**सबल पक्षः**

'मासिन्या' नाटकको सबल पक्ष यसले राजधानीको उत्तर पश्चिम भेगमा रहेको डाँडागाउँका तामाङ जनजीवन र तामाङ विवाह संस्कारलाई मिहीन ढंगले देखाएको छ । साथसाथै, तामाङ जातिको प्राचीन बोन अर्थात् बोन्बो परम्परा र आठौं शताब्दीदेखि ग्रहण गरेको लामा बौद्ध धर्मको दर्शनको अभ्यासलाई तामाङहरूले कसरी जीवनमा समन्वयात्मक अभ्यास गरिराखेका रहेका छन् । अझ भन्नै पर्दा यस नाटकले तामाङ लोक संस्कृतिको सेलो गीति परम्परा र तामाङ संस्कारहरू जीवन्तमात्र नभई मौलिक रूपमा संरक्षित छन् भनेर प्रस्तुत गरेको छ भन्दा फरक पर्दैन ।

**दुर्बल पक्षः**

वि.सं. १९१० मा राजा सुरेन्द्रवीरविक्रम शाहको पालामा जंगबहादुर राणाले बेलायत र फ्रान्सको भ्रमण गरेर फर्के । त्यसपछि उनले मनुस्मृतिका आधारमा जातीय मुलुकी ऐन ल्याएर एकलौटी रूपमा शासन गर्ने प्रयास गरे । जसका कारण नेवार, गुरुङ र मगरबाहेकका सबैजसो जनजाति 'मासिन्या' जातिमा वर्गीकरणमा परेका थिए । जसमध्ये राजधानी वरिपरिका डाँडाकाडामा आवाद रहेका तामाङ जाति पनि सो ऐनअनुसार राजा महेन्द्र शाहले पञ्चायत व्यवस्था प्रारम्भ गरेर वि.सं. २०१९ मा नयाँ मुलुकी ऐन जारी नगरेसम्म 'मासिन्या' जातिमा पर्दथे । जसकारण उनीहरू सोही ऐनअनुसार कुनै कसुर गरेमा दास बनाउन सकिने, बिक्री वितरण गर्न सकिने, मृत्युदण्डसम्म दिन सकिने थियो । जसको मूल कारण राज्यसत्तामा रहेका तागाधारी ब्राह्मण, क्षेत्री, खसलगायत जनै लगाउने, हिन्दू धर्म नमान्ने र गाईलाई पूजा गर्ने शासकको समर्थनमा सधैं नउभिने भएकाले मतुवाली, जाँड रक्सी खाने, गाईलाई पूजा नगर्ने, काटेर खाने, जनै फाल्ने, गैरहिन्दू र सधैं राज्यसत्ताको विरुद्ध उभिने चरित्रका कारणले मासिन्या भनेर वर्गीकरण गरी असमान दण्ड सजायको व्यवस्था गरिएको हो । यसरी हेर्दा नाटकले एक शताब्दीअघिको कालखण्डमा भएका धार्मिक शोषण, किपट हरण गरेको, हतियारविहीन सेना पिपा बनाएको, अर्धदासको व्यवहार गरेको र दलित (सुद्र) बनाएको, गाईको मासु खाएको जस्ता कारण दण्डित गरिएका प्रतिनिधि घटनाहरूमध्ये केही घटना स्पष्ट रूपमा देखाउन सकेको भए नाटकको नाम अर्थात् शीर्षकअनुसार सार्थक हुने थियो । तर, नाटकमा देशमा वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्वहाली भएदेखि वि.सं. २०६३ मा जनयुद्ध (वि.सं.२०५२-२०६३) को अन्त्य नभएसम्मको अवधिमा भएका गाईको मासु खाएको र सडक निर्माणले गर्दा छर्योतेन भत्काइएको जस्ता सामान्य घटनाहरू सघन रूपमा देखाइनु यस नाटकको सबैभन्दा दुर्बल पक्ष हो भन्दा फरक पर्दैन ।



**अभिनय, संवाद र पटकथाः**

'मासिन्या' नाटकको स्क्रिप्टअनुसार बुद्धि तामाङ र सोनाम लामाको निर्देशन र प्रस्तुति अब्बल छ । नाटकमा नायकको रूपमा अभिनय गरेका नायक रूपेश लामा, नायिका रोहनी लामा, खलनायक विजय नेपाल, शीतल थोकर तामाङ, सानुमाया तामाङ र रविन दोङको अभिनय राम्रो छ । अन्य कलाकारको अभिनय भने औसत देखिन्छ ।

नाटकको प्रारम्भमा नाटककारत्रयहरूले नायक, नायिका र अन्य रसिला पात्रहरूमार्फत बोल्ने हास्य र करुण रसका प्रेमिल अनि भावनात्मक संवादहरू स्वाभाविक नै छन् । तर, जब नाटकले वियोगान्त, नाटकीय र गम्भीर मोड लिन्छ, तब एकपछि अर्को मार्मिक घटनाहरू देखाउँदा नाटककारत्रय मात्र दर्शकहरूको भावना जित्नका लागि दृश्य, गीत, संगीत र प्रकाशमा निर्भर परेको भान हुन्छ । त्यसपछि नाटकका पात्रहरूले बोल्ने संवाद र अभिनय जसरी क्रान्तिकारी र विद्रोहीको जस्तो हुनु पर्दथ्यो, सो हुन सकेको छैन । सोही कारण तामाङ कलाकारहरूले आफ्ना अभिनय र प्रतिभा देखाउन पाएका छैनन् ।

नाटकमा नायकलाई प्रहरीले गाई भिरमा लडाएर मारेको र मासु खाएको अभियोगमा पक्राउ गरिसकेपछि लेखकहरूले जसरी पटकथा विस्तार गरे, त्यसरी नै प्रहरी दमन, अदालती प्रसंगहरू अघि बढाएर जेलबाट निस्केपछि थातथलोमा भएका विसंगतिविरुद्ध विद्रोहको विगुल फुकाउन सकेको भए हुने थियो । तर लेखकहरूले नाटकलाई राज्यसत्ता, सेना र ब्राह्मण शासक वर्गबाट भएका केही घटनालाई रोनाधोना, मार्मिक र वियोगान्त दृश्यहरूमा समाहित गरेर मासिन्या जस्तो ऐतिहासिक शब्द प्रयोग गरिएको नाटकको शीर्षकको अवमूल्यन गरेर नाटकको अन्त्य भावनात्मक रूपमा गर्नतर्फ लागेको देखिन्छ । सोही कारण नाटकमा हुनुपर्ने मूल तत्त्व 'क्लाइमेक्स' अर्थात् उत्कर्षक कमजोर देखिएको छ । जसले गर्दा नाटकका पात्रहरूको चरित्र निर्माण, तिनले बोल्ने गहन संवाद, पात्रहरूका अभिनय सशक्त हुन नसकेको आभास हुन्छ ।

जातीय पहिचान र जातीय मुक्तिको मार्ग नाटकले देखाउन नसक्दा बौद्धिक दर्शकहरूले खल्लो महसुस गरेका थिए । यसबाट नाटककार एवं कवित्रय गैरजनजातीय दर्शकहरू एकातिर खोजी र अर्कोतिर राज्यसत्ता, शासक र प्रशासकहरूबाट हुनसक्ने नियन्त्रण, यातना र सजायबाट डराएको स्पष्ट देखिन्छ । तर, सामान्य दर्शकहरूका लागि भने तामाङ जीवनका रसिला सामाजिक र आर्थिक पाटाहरूमा आउने आरोहअवरोह नाटकमा हेरेर कहिले हाँस्दै, कहिले रुँदै त कहिले प्रेमिल भएर भरपुर मनोरञ्जन लिइरहेका थिए । यसरी हेर्दा नाटक आमदर्शकका लागि सफल भए पनि तामाङ जातिको मुक्तिका लागि भनेर लागिपरेका दर्शकहरूका लागि भने मार्गप्रशस्त गर्न असफल भएको प्रतीत हुन्छ ।

**अन्त्यमा,**

शताब्दीऔंदेखि गढेको खिल भनेर 'मासिन्या' नाटकको जसरी प्रचारप्रसार गरियो, व्यावसायिक रूपमा नाटक सफल भए पनि शीर्षकअनुसार ऐतिहासिक तामाङ विषयवस्तु उठान गर्न भने असफल देखिन्छ । मात्र यसले जनयुद्ध विसर्जन भएपछि भएको एउटा गौ हत्या अर्थात् गाई मारेर खाएको एउटा घटनाको खिल उठाउन सफल भएको छ भन्दा फरक पर्दैन ।

यसो हुँदाहुदै पनि प्राचीनकालमा राजधानी काठमाडौंमा याम्बु नामक केन्द्रीय सत्ता स्थापित गरेका तामाङहरू आफ्नो राज्यसत्ता गुमेपछि राजधानी र यसका वरिपरिका डाँडाहरूमा आवाद भएर गणराज्यहरूमा सीमित भएको इतिहास छ । सो गण राज्यहरू पनि गोर्खा राज्यको विस्तार सँगसँगै मासिएपछि विजित शासकहरूबाट पराजित शासक तामाङ जाति कसरी अपहेलित, अविश्वासी मात्र नभई शोषित, दमित भएर मनोवैज्ञानिक रूपमा हालसम्म बाँच्न विवश रहेका छन् भनेर नाटकले स्पष्ट रूपमा देखाएको छ । जसका कारण तामाङहरू विद्रोहको विगुल फुक्न सकिरहेका छैनन् भन्ने यथार्थ सम्झेर नै होला मासिन्या नाटकका नाटककारहरूले नाटकलाई वियोगान्तमा अन्त्य गरेर दर्शकलाई हाम्रो अवस्था आजसम्म यस्तै नै छ, त्यसैले आफ्नो मुक्तिको बाटो आफैं कसरी खोज्ने हो विचार गर्नुस् है भनेर छोडेजस्तो देखिन्छ ।

जे भए पनि नेपालमा गणतन्त्र स्थापनापछि विभिन्न जनजातिले झैं तामाङले पनि तामाङ र नेपाली भाषा मिश्रण गरेर भए पनि तामाङ नाटकहरू थिएटर/रंगमञ्चमा प्रस्तुत गर्ने परम्पराको थालनी केही दशकअघिदेखि भएको छ । यसबाट नेपालीका साथै तामाङ नाट्यको इतिहास लेखन र प्रस्तुतिमा जुन नयाँ मोड ल्याइदिएको छ, त्यसले पक्कै पनि राज्यलाई आफ्नो समस्या देखाउने छ ।

साथै, हाल थिएटरमा अध्ययन गरेर जन्मिएका तामाङ नवोदित कलाकारहरू व्यावसायिक रूपमा भलै उनीहरूले नेपाली, हिन्दी र अंग्रेजी नाटक र सिनेमामा बिताए पनि आगामी दिनमा तिनै नवोदित तामाङ नाटककार र कलाकारहरूको संयोजन र सहकार्यबाट तामाङ जातिको इतिहास र संस्कृतिका महत्त्वपूर्ण अनि गर्विलो विषयका नाटकहरू थिएटरमा तामाङ र गैरतामाङ दर्शकहरूले हेर्न पाउने छन् । 'मासिन्या' को सफल मञ्चनबाट पनि शिक्षा लिन सकिन्छ भन्दा फरक नपर्ला ।

# चिसोले सोलुकुम्बुको जनजीवन प्रभावित खुम्बुक्षेत्र सुनसान

**सल्लेरी (सोलुखुम्बु)**– चिसो अधिक भएपछि हिमाली पर्यटनको मुख्य गन्तव्य खुम्बुका अधिकांश व्यवसायी तथा स्थानीय बासिन्दा जाडो छल्न अन्यत्र गएका छन् । पर्यटकीय याममा व्यस्त हुने होटल पसल व्यवसायी पनि जाडो छल्न खुम्बुक्षेत्रबाट बाहिरिन थालेका छन् । स्थानीय दामु शेर्पाका अनुसार सो क्षेत्रका करिब ७० प्रतिशत व्यवसायी तथा सर्वसाधरणले खुम्बु छाडिसकेका छन् । उनीहरू बढीजसो काठमाडौं र कतिपय तीर्थयात्रामा भारतको बुद्धगयालगायतका क्षेत्रमा जाने गरेका छन् । अधिकांश व्यवसायी तथा स्थानीय बाहिरिएसँगै खुम्बु क्षेत्र सुनसान बनेको लुक्लाका तोया श्रेष्ठले बताए ।

उनका अनुसार पर्यटकीय याम चलिरहँदा पर्यटकले खचाखच हुने खुम्बुको विमानस्थल, होटल लज, क्याम्पिङ साइट तथा दृश्यावलोकन गर्ने स्थल अहिले सुनसान बनेका छन् । नाम्चेका लामाकाजी शेर्पाले सगरमाथाको प्रवेशद्वार भनेर चिनिने नाम्चे, गोक्यो, कालापत्थर, एभरेष्ट बेस क्याम्पलगायतका ठाउँमा पनि अहिले पर्यटकको चहलपहल सुनसान बनेपछि व्यवसायी घरेलु कामदारलाई होटल छाडेर अन्यत्र गएको बताए ।

केही होटल पसल खुला भए पनि व्यवसायीको जनजीवन कष्टकर बन्दै गएको छ । यामको बेला दैनिक १०० भन्दा बढी हवाई उडान हुने लुक्लामा अहिले दैनिक पाँच-छवटा मात्रै उडान हुने गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण शाखा कार्यालय लुक्लाको तथ्यांक छ । भौगोलिक विकटता तथा उच्च हिमाली क्षेत्र भएकाले जाडो महिनामा यस भेगमा एकछिन पनि बस्न नसकिने र वर्षमा छ महिनामात्र बसोबास गर्ने गरेको स्थानीय बासिन्दा बताउँछन् । उच्च हिमाली क्षेत्र भएकाले पर्यटकीय याममा मात्र बस्ने गरेको होटल व्यवसायीको भनाइ छ ।

चिसो अत्यधिक बढेसँगै हिमाली जिल्ला सोलुखुम्बुको सदरमुकाम सल्लेरीमा सर्वसाधरण आगो तापेर समय बिताउने क्रम बढेको छ । चिसोबाट बच्न बालबालिकादेखि वृद्धवृद्धासम्म सडकमा आगो तापेर बस्न थालेका हुन् । चिसोले विशेषगरी वृद्धवृद्धा र बालबालिका बढी प्रभावित हुने गरेको सल्लेरीका दावा शेर्पाले बताए । हावापानी मापन केन्द्र सल्लेरीका नवराज पराजुलीका अनुसार पछिल्लो एक सातायता सल्लेरीको तापक्रम निरन्तर माइनसमा गएको छ ।

मंगलबार सल्लेरीको तापक्रम माइनस दुई डिग्री सेल्सियस मापन गरिएको उनले बताए । उनका अनुसार उक्त तापक्रम जिल्लामा यस वर्षकै कम हो । सल्लेरी बजार क्षेत्रसहित आसपासका धेरैजसो स्थानमा मानिसले आगो तापेर समय बिताउने गरेका छन् । घरभित्र बस्दासमेत चिसोले कठ्यांग्रिन थालेपछि सडकमा आगो बालेर बस्न थालेको नयाँ बजारकी सूर्यकुमारी राजभण्डारीले बताइन् ।

उनले भनिन्, 'वृद्धवृद्धालाई झन् धेरै गाह्रो भयो, अरू उमेरका मानिसले त चिसो पचाउला तर अलिक बूढापाकालाई समस्या भयो, चिसोले राति सुत्दासमेत कठ्यांग्रिन थालेको छ, खै सल्लेरीमै यस्तो छ झन् माथिल्लो क्षेत्रमा त के होला अवस्था, यो वर्ष धेरै चिसो भयो ।' अधिक चिसोका कारण व्यवसाय सञ्चालन गर्नसमेत कठिन भएको सल्लेरीमा टेलरिङ व्यवसाय गर्दै आएका खड्गबहादुर हिंमाङले बताए ।

जिल्लाको माथिल्लो क्षेत्रको जनजीवन चिसोले अझ धेरै प्रभावित बनेको छ । हिमाली क्षेत्र नाम्चे, लुक्ला, फाक्दिङलगायतका स्थानमा चिसोले दैनिकी कष्टकर बनेको स्थानीय आङफुर्वा शेर्पाले बताए । जसका कारण अन्य काम वस्तुभाउको स्याहार गर्न, घाँसपात गर्नसमेत समस्या भएको उनको भनाइ छ । *रासस*

## पानी आपूर्तिमा समस्या

जिल्लाको खुम्बु क्षेत्रमा चिसोका कारण पाइपमै पानी जम्न थालेपछि पानी आपूर्तिमा समस्या भएको छ । अत्यधिक चिसोका कारण पाइपमै पानी जम्दा सगरमाथा क्षेत्रमा पिउने पानीको आपूर्ति प्रभावित भएको हो । दिउँसो घाम लागेको समयमासमेत जमेको पानी नपग्लिँदा खुम्बुका विभिन्न ठाउँमा खानेपानी आपूर्ति बन्द भएको स्थानीय नुरु शेर्पाले बताए ।

उनले भने, 'खुम्बुमा यतिखेर खाने तेलदेखि घरभित्र भरेको पानीसमेत जमेर ढिक्काजस्तै बन्छ, मज्जाले घाम लागेको बेला त त्यो पग्लिन्छ, यसरी घाम नलाग्दा त घरभित्रको पानी दिनभर नै पग्लिदैन, यहाँको अवस्था त तपाईंहरूले सोचेभन्दा फरक छ नि, कत्ति गाह्रो छ, त्यही भएर धेरैजसोले खुम्बु छाडे, हामी थोरैमात्रै गाउँमा छौं ।' यो क्षेत्रको तापक्रम घटेर माइनस १७ डिग्री सेल्सियससम्म झर्ने गरेको स्थानीयले बताएका छन् । चिसोले विकास निर्माणका कामदेखि अन्य दैनिक क्रियाकलापसमेत प्रभावित बनेको छ भने गाउँघरमा मानिसको चहलपहल न्यून हुँदै गएका छन् ।

विद्यालय अधिकांश बन्द भएपछि बालबालिका आगो तापेर समय कटाउनु यहाँका नागरिकको बाध्यता भएको पिके माध्यमिक विद्यालय लोदिङका शिक्षक ल्हाक्पा शेर्पाले जानकारी दिए । उनले भने, 'चिसोले विद्यालयमा विद्यार्थीको संख्या बढ्दै गए पनि विद्यालय नै बन्द गरेका छौं, शिक्षकलाई पनि गाह्रो छ, कतिपय शिक्षक तराईको हुनुहुन्छ, त्यसैले उनहरूलाई चिसोमा यहाँ बस्न निकै कठिन छ ।'


**अल्फा पावर इन्फ्रा टेक प्रा.लि.को हकदावी गर्न आउने बारेको सूचना**

कम्पनी रजिष्ट्रार कार्यालयमा मिती २०७१।१०।१५ मा दर्ता भएको प्रा.लि. नं. १३१६७६।०७१।०७२ को **अल्फा पावर इन्फ्रा टेक प्रा.लि.** नामक यस कम्पनीको मिति २०८०।०९।०५ मा बसेको बार्षिक साधारण सभाको बैठकले कम्पनी ऐन २०६३ को दफा १२६ को १ अनुसार कम्पनीलाई खारेजी गर्नुपर्ने भएकोले यस कम्पनी सँग कसैको लेनदेन हकदाबी केही भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्नुहोला अन्यथा कम्पनी खारेज भै गएमा कुनै प्रकारको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री देवि प्रसाद रिजाल, प्रमाणपत्र नं. ५३७**
**लिक्वीडेटरको कार्यालय, काठमाडौं, फोन नं. ९८५१०५०३२९**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CHORA CAFÉ SUFFICIENT FOR SERVING MEALS**
पुर्व स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 299143 | चलानी नं. ६०२१४०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1300 | ४६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : ACCESS POINT ESTABLISHMENT FOR SERVING BEVERAGES**
पुर्व स्वीकृति मिति २०८०/१०/१६ | LT. No. 299073 | चलानी नं. ६०२१४०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 2 | 0 | 1300 | ४६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : SALEH MUTLAQ AL-OSAIMI CONTRACTING EST**
पुर्व स्वीकृति मिति २०८०/१०/११ | LT. No. 298835 | चलानी नं. ६०२१४०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 1900 | ६७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PAINT TECH CONTRACTING WLL**
पूर्व स्वीकृति मिति २०८०/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 297719 | चलानी नं. ६०२१२८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३१,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५४,६७५ | | | | | | | |
| 3 | General Clean Worker | 1 | 0 | 1200 | ४३,७४० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1000 | ३६,४५० | | | | | | | |
| 5 | Marketing | 0 | 1 | 2500 | ९१,१३० | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1200 | ४३,७४० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1900 | ६९,२६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SAT ENGINEERING & CONTRACTING SERVICES**
पूर्व स्वीकृति मिति: २०८०/१०/१६ | LT. No.299123 | चलानी नं. ६०२१४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 1500 | ५४,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 80 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 3 | Labour/helper | 80 | 0 | 1000 | ३६,१७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ARABIC DALLAH GENERAL TRADING & CONTRACTING COMPANY**
पूर्व स्वीकृति मिति: २०८०/०२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 287355 | चलानी नं. ६०२०२७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 150 | 100 | 85 | ३६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SPACE HR SOLUTIONS PVT.LTD**
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : STANDARD ACCESS SCAFFOLDING CONTRACTING LLC**
पुर्व स्वीकृति मिति: २०८०/१०/१७ | LT. No.299124 | चलानी नं. ६०२१४१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 10 | 0 | 1200 | ४३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : SAAED EMPLOYMENT SERVICES**
पुर्व स्वीकृति मिति: २०८०/१०/१७ | LT. No.299125 | चलानी नं. ६०२१४१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 10 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 4 | Pipe Fitter | 10 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 5 | Plumber | 10 | 0 | 1200 | ४३,४०५ | | | | | | | |
| 6 | Steel Fixer | 10 | 0 | 1200 | ४३,४०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HELIOUS SECURITY SERVICES SDN.BHD.** शहर: Selangor
पूर्व स्वीकृति मिति : २०२३/०३/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०२४/०१/३१ | LT. No. 282540 | चलानी नं. ६०१९८१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।**
**अन्तरवार्ता हुने स्थान: सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा मिति: २०८० फागुन ३ गते (15th Feb. 2024) मा हुनेछ ।**
**शाखा कार्यालयको लागि सम्पर्क नम्बर: ०२५-५९०४५६/९८०२७१२०००/९८११३७९९९०**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि: शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SYMBIOTICA SPECIALITY INGREDIENTS SDN.BHD.**
पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 276373 | चलानी नं. ६०१९३३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 24 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : MACE INSTRUMENTATION SDN.BHD**
पूर्व स्वीकृति मिति २०७६/०८/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 228611 | चलानी नं. ६०१४७८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 1 | 0 | 1100 | ४१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

**कम्पनी : ASTINO AGRO-HOUSE MULTI SYSTEM SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 275118 | चलानी नं. ६०१९०९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 38 | 0 | 1500 | ४१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता**: रु.२,००२/- कामदार आफैले
**सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GULF ERECTION COMPANY W L L**
पूर्व स्वीकृति मिति: २०८०/१०/१६ | LT. No.299101 | चलानी नं. ६०२१४०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,४०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | House Builder | 10 | 0 | 1020 | ३६,८९५ | | | | | | | |
| 3 | Steel Fixer | 5 | 0 | 1200 | ४३,४०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com

प्रभाव दैनिक

रूपशाला

## 'हात्तीछाप' नेपाल र विदेशमा एकसाथ रिलिज

'हात्तीछाप' माघको २६ बाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो । फिल्म स्वदेश र विदेशमा एकसाथ रिलिज हुने भएको छ । फिल्मको अन्तर्राष्ट्रिय वितरक एमएसएम इन्टरटेन्मेन्टले सोही दिनबाट नै फिल्म विदेशमा पनि लाग्ने जानकारी दिएको हो । वितरक एमएसएम इन्टरटेन्मेन्टले फिल्मलाई अस्ट्रेलियामा रोटेपिङ इन्टरटेन्मेन्टले मिलेर रिलिज गर्दैछन् । यस्तै, अमेरिका र क्यानडामा यात्री डिजिटलले रिलिज गर्दैछ । यस्तै, यूरोपका सम्पूर्ण देशमा फिल्मलाई नेपाली मुभी टाइम डेनमार्कले रिलिज गर्नेछ । मध्यपूर्वका देशमा फिल्मलाई सुप्रिम फिल्म प्रोडक्शन एन्ड डिस्ट्रिब्यूसन कम्पनीले रिलिज गर्ने भएको निर्माता किरण नेपालीले जानकारी दिए । दक्षिण कोरिया र जापानमा फिल्मलाई यूएनए इन्टरटेन्मेन्टले रिलिज गर्नेछ ।



बिहीबार १८, माघ २०८० (Thursday, February 1, 2024)

# झापामा गजल मुशायरा र प्रशिक्षण हुने




**झापा (प्रस)–** झापाको बिर्तामोडमा पहिलो पटक गजलसम्बन्धी बिशेष कार्यक्रम हुने भएको छ। नेपाल गजल प्रतिष्ठानको मुख्य आयोजना र अन्तर्राष्ट्रिय नेपाली गजल मन्च, प्रान्जल साधना केन्द्र, गोपीकृष्ण स्मृति प्रतिष्ठान र वीरता रिडर्ससमेतको सहकार्यमा सांगीतिक गजल मुशायरा हुने भएको हो ।

यही माघ २७ गते बिर्तामोडस्थित इन्द्रेणी व्यांक्वेटको हलमा हुन लागेको गजल मुशायरामा राष्ट्रिय स्तरका डेढ दर्जन गजलसाधकहरूको विशेष प्रस्तुति रहने प्रतिष्ठानका अध्यक्ष लालकाजी श्रेष्ठले जानकारी दिए । सोही दिन बिहान १० बजेदेखि गजल लेखनसम्बन्धी प्रशिक्षणमूलक कार्यशालाको समेत आयोजना गरिएको आयोजक संस्था वीरता रिडर्सका सहसंयोजक केशव मैनालीले बताए ।

उनका अनुसार सो प्रशिक्षणका लागि अन्तर्राष्ट्रिय नेपाली गजल मन्चका अध्यक्ष घनेन्द्र ओझाले प्रशिक्षण प्रदान गर्नेछन् । नेपाल गजल प्रतिष्ठानले यसअघि पनि यस प्रकारका कार्यक्रम गर्दै आएको थियो । प्रतिष्ठानका अध्यक्ष लालकाजी श्रेष्ठकाअनुसार झापामा आयोजना गरिएको गजल मुशायरा निःशुल्क हुनेछ । यसअघि काठमाडौंमा एउटा सांगीतिक, अरु तीनवटा तहत र तरुन्नम गजल मुशायरा राष्ट्रिय नाचघरमा आयोजना गरिएको तर उपत्यकाबाहिर यो पहिलो पटक गर्न लागिएको हो । यस कार्यक्रमका लागि बिर्तामोड पुस्तकालय र साहित्य पत्रकार मन्चको सहयोग रहने आयोजकले जनाएको छ ।

# 'द्रोपदी' बनाउँदै ऋषिराज

**काठमाडौं (प्रस)–** २ वर्ष अगाडि फिल्म 'चुरीफुरी' प्रदर्शनमा ल्याएका निर्देशक ऋषिराज आचार्यले नयाँ फिल्म घोषणा गरेका छन् । उनले बाउन लागेको नयाँ फिल्मको नाम 'द्रोपदी' हो । फिल्मको अहिले लेखन तथा कलाकार सेलेक्सन भइरहेको निर्देशक आचार्यले जानकारी दिए ।

फिल्मका लागि कलाकार छनौट गर्न उनले यही माघ २० गते अडिसन राखेका छन् । मुख्य अभिनेता/अभिनेत्रीसहित १० जना कलाकारका लागि अडिसन हुन लागेको हो । फिल्मको कथा र चरित्रअनुसार अडिसनबाट कलाकार छनोट गर्न लागिएको निर्देशक आचार्यले सुनाए । शीर्षकले फिल्म 'महाभारत'को द्रौपदी पात्रसँग मिले पनि देशको यथार्थपरक कथामा फिल्म बन्न लागेको आचार्यले बताए । कर्णाली प्रदेशको विभिन्न दुर्गम हिमाली क्षेत्रमा छायांकन गर्न लागिएको फिल्म महिला प्रधान हुने जनाइएको छ ।

आर.बी मुभिजको ब्यानरमा बन्न लागेको फिल्ममा निर्देशक आचार्य स्वयंको पटकथा लेखन छ । अहिले चलचित्र जाँच समिति (सेन्सर बोर्ड)को सदस्य रहेका आचार्यले 'मिस्टेक', 'सुन्तलालाई भगाई लग्यो झिल्केले', 'सपना तिम्रो मेरो', 'ड्रिम गर्ल', 'चुरीफुरी' गरेर ५ फिल्म निर्देशन गरिसकेका छन् ।

# हङकङमा 'एलजी नाइट १६'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चिनियाँ नयाँ वर्ष (लुनार न्यु इयर)को अवसरमा हङकङमा क्रियाशील नेपालीको संस्था 'लालीगुराँस एसोसिएसन'ले 'एलजी नाइट १६'को आयोजना गर्ने भएको छ । फेब्रुअरी ११ मा हुने उक्त कार्यक्रम विगतमा झैं भव्य रूपमा सम्पन्न गर्ने तयारीमा आयोजक संस्था जुटेको छ।

लालीगुराँस एसोसिएसनले हरेक चिनियाँ नयाँ वर्षको अवसर पारेर हङकङमा 'लालीगुराँस नाइट' आयोजना गर्दै आइरहेको छ । कोभिड-१९ महामारीका कारणले बीचमा चार वर्ष कार्यक्रम गर्न नसकेको संस्थाले यसअघि सन् २०१९ मा १५औं एलजी नाइट सम्पन्न गरेको थियो । चेतन गुरुङ, विशाल गुरुङ, हिमाल रानालगायत हङकङका जुझारु नेपाली युवाले सन् २००४ मा हङकङमा 'लालीगुराँस एसोसिएसन' नामक संस्थाको स्थापना गरेका थिए। उनीहरूले नै एलजी नाइटको आयोजना गर्दै आएका छन् ।

आयोजकमध्येका चेतन गुरुङ यो वर्ष पनि कार्यक्रम भव्य र सभ्य हुने दावी गर्छन् । उनी भन्छन्–'यसको छनक देखिसक्यो । कार्यक्रम हुन करिब एक महिना बाँकी छँदै सबै टिकट बिक्री भइसक्यो । यो भनेको हङकङका नेपाली एलजी नाइटको व्यग्र प्रतीक्षामा छन् भन्ने शुभ संकेत हो।'

विदेशी भूमिमा आफ्नो कला-संस्कृतिलाई जोगाइराख्ने संस्थाले मूल ध्येय राखेको उनको भनाई छ। चिनियाँ नयाँ वर्षमा हुने लामो बिदामा चिनियाँहरू आफ्नो संस्कृतिमा रमाइरहँदा नेपालीले पनि आफ्नै संस्कृतिमा रमेर बिदा मनाऊन् भन्ने उद्देश्य संस्थाले राखेको गुरुङ बताउँछन् ।

कार्यक्रमबाट भएको अर्थोपार्जन नेपालका परोपकारी संस्थामार्फत विभिन्न क्षेत्रमा सहयोग गर्ने गरिएको पनि गुरुङले बताए । संस्थाले २०७२ सालको भूकम्पको बेला गोरखा, धादिङ तथा सिन्धुपाल्चोकमा राहत वितरण गरेको थियो। त्यस्तै, पोखरा तथा दमौलीमा उपचाररत भूकम्पपीडित घाइतेलाई औषधोपचारको व्यवस्था गरेको थियो । त्यतिखेर विभिन्न शीर्षकमा संस्थाले २ करोड रूपैयाँ खर्च गरेको गुरुङ बताउँछन् । त्यो रकममध्ये केही कार्यक्रमबाट बचेको पैसा र बढी मात्रामा चन्दामार्फत जुटाइ सहयोग गरेको उनको भनाइ छ ।




यस पटक पनि संकलित रकमबाट सबै खर्च कटाइ बचेको पैसा परोपकारी संस्थालाई सहयोग गर्ने योजना रहेको उनले बताए। लालीगुराँस नाइटमा नेपालको कलाकारिता क्षेत्रमा चर्चा कमाएका साथै, भारतबाट ख्याति कमाउन सफल नेपाली कलाकारलाई पनि समेट्ने गरिएको छ ।

यसपटकको कार्यक्रममा सहभागी हुने २२ जना कलाकारको टिममा भारतको टेलिभिजन रियालिटी शो 'इन्डियाज् बेस्ट डान्सर' सिजन ३ का विजेता समर्पण लामा र इन्डिया डान्सबाटै चर्चामा आएका साजन सिंह पनि सहभागी हुनेछन् ।

साजनको एलजी नाइटमा यो तेस्रो आगमन हुनेछ। त्यस्तै, चितवनको रत्ननगर नगरपालिका-१३ निवासी समर्पण लामाले गत असोजमा 'इन्डियाज बेस्ट डान्सर' सिजन ३ को उपाधि हात पारेका थिए ।

त्यस्तै कार्यक्रममा नेपालबाट ख्यातिप्राप्त कलाकारहरू मनोज गजुरेल, जितु नेपाल, प्रमोद खरेल, प्रकाश सपुत, चिज गुरुङ, देवी आले, कविता नेपाली, प्रगती पुनलगायत सहभागी हुने छन् । नेपाली कलाकारहरू कविता नेपाली र प्रगती पुनको नृत्य पनि दर्शकले हेर्न पाउनेछन् । टेलिभिजन रियालिटी शो 'बुगीवुगी'को पहिलो सिजनकी विजेता कविताले यसअघिका दुईवटा कार्यक्रममा पनि हङकङका दर्शकसामु आफ्नो नृत्य देखाइसकेकी छन् ।

युनलङ थिएटरमा हुने कार्यक्रम बेलुका साढे सात बजेबाट सुरु हुने गुरुङ बताउँछन् । प्रवेश शुल्क साधारणतर्फ तीन सय हङकङ डलर रहेको छ भने भीआईपी पाँच सय र भीभीआईपीको एक हजार हङकङ डलर छ। यसअघिका कार्यक्रममा झैं यसपटक पनि जितु नेपालले कार्यक्रम सञ्चालन गर्नेछन् ।

एलजी नाइट १६ का लागि कलाकारहरू १० फेब्रुअरीमा हङकङ आइपुग्ने आयोजक संस्थाले जनाएको छ । ४ दिनसम्म हङकङमा रहने कलाकारको पारिश्रमिकदेखि आउजाउ र हङकङमा रहँदाको खर्च ४ लाख हङकङ डलर हुने अनुमान गरिएको आयोजक चेतन गुरुङ बताउँछन् । स्थापनाकालदेखि हरेक वर्ष कार्यक्रम गर्दै आएको लालीगुराँस एसोसिएसनको 'एलजी नाइट' पछिल्लो समय अस्ट्रेलिया, यूके, मकाउ, जापानलगायतका देशमा पनि हुँदै आएको छ । दुई महिनाअगाडि यूकेमा भयो। आगामी वैशाख १ गते नेपाली नयाँ वर्षको अवसरमा अस्ट्रेलिया र वैशाख १ मै लालीगुराँस एसोसिएसन र एनआरएनए मकाउको संयुक्त आयोजनामा मकाउमा 'एलजी नाइट' हुने तय भएको संस्थाका संस्थापक चेतन गुरुङले बताए। त्यस्तै, यसै वर्ष जापानमा पनि कार्यक्रम हुनेछ ।

## रंगशाला

### आइसिसी यू-१९ विश्वकप

# नेपाल बंगलादेशसँग ५ विकेटले पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण अफ्रिकामा जारी आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताको 'सुपर सिक्स' चरणको बुधबार खेलिएको आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ । नेपाली टोली बलियो प्रतिद्वन्द्वी बंगलादेशसँग पाँच विकेटले पराजित भएको हो ।

टस जिती पहिले ब्याटिङ रोजेको नेपालले ४९.५ ओभरमा अलआउट हुनुअघि एक सय ६९ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको बंगलादेशले भने २५.२ ओभरमै पाँच विकेट गुमाएर विजयलक्ष्य पुरा गरेको थियो ।

बंगलादेशको जितमा ओपनर ब्याट्सम्यान सिजन आलमले अर्धशतकीय पाली खेले । उनले ५५ रन बनाए । उनले केवल ४३ बलको सामना गरी दुई छक्का र ६ चौका पनि हिर्काए । चौथो नम्बरका ब्याट्सम्यान अरिफुल इस्लामले पनि अविजित ५९ रनको योगदान गरे ।

आक्रामक रूपमा प्रस्तुत भएका अरिफुल इस्लामले ३८ बलको सामना गरी दुई छक्का र सात चौका हिर्काए । नेपाली टोलीका बलर सुवाष भण्डारी एक्लैले पाँच विकेट लिए । उनले आठ ओभरमा ४४ रन खर्चिएका थिए । त्यसअघि पहिले ब्याटिङ गरेको नेपालका लागि विशालबिक्रम केसीले सर्वाधिक ४८ रनको योगदान गरेका थिए । उनले एक सय बलको सामना गरी ६ चौका पनि हिर्काए । कप्तान देव खनालले पनि टोलीको खातामा ३५ रन थपे । उनले ६० बलको सामना गरी तीन चौका हिर्काएका थिए ।

सुवाष भण्डारी १८ रनमा अविजित रहे । ओपनर ब्याट्सम्यान अर्जुन कुमालले १४ रन बनाएका थिए । नेपालका अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बटुल्न सकेनन् । नेपालले अतिरिक्त रूपमा पनि ३१ रन पाएको थियो ।



बंगलादेशी टोलीका बलर रोहान्त बोर्सनले चार विकेट लिए । उनले ८.५ ओभरमा दुई मेडन राख्दै १९ रन खर्चिएका थिए । शेख परवेज जिबोनले पनि तीन विकेट हात पारे । उनले १० ओभरमा दुई मेडन राख्दै ३४ रन खर्चिए ।

'सुपर सिक्स' चरणमा नेपाल र बंगलादेश दुबैले आफ्नो पहिलो खेल खेलेका हुन् । बंगलादेशको सेमिफाइनलमा प्रवेश गर्ने सम्भावना जिवितै छ भने नेपाल 'सुपर सिक्स' चरणमा पहिलो खेल खेल्नुअघि नै उपाधि होडबाट बाहिरिइसकेको छ । 'सुपर सिक्स' चरणको मंगलबार सम्पन्न खेलको नतिजापछि नेपाल उपाधि होडबाट बाहिरिएको हो । मंगलबार खेलिएको खेलमा भारतले न्युजिल्यान्डलाई दुई सय १४ रन र पाकिस्तानले आयरल्यान्डलाई तीन विकेटले हराएका थिए । भारत, पाकिस्तान, बंगलादेश, न्युजिल्यान्ड, नेपाल र आयरल्यान्ड 'सुपर सिक्स' चरणको समूह 'एक' मा छन् ।

उक्त समूहबाट भारत, पाकिस्तान र बंगलादेशमध्ये दुई टोली प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गर्नेछन् । भारत ६ अंकसहित पहिलो, पाकिस्तान पनि ६ अंकसहित दोस्रो, बंगलादेश चार अंकसहित तेस्रो र न्युजिल्यान्ड दुई अंकसहित चौथो स्थानमा छन् । पाँचौं स्थानमा आसिन नेपाल र छैटौं स्थानमा आसिन आयरल्यान्डले खाता खोल्न सकेका छैनन् । न्युजिल्यान्ड, नेपाल र आयरल्यान्ड भने उपाधि होडबाट बाहिरिएका छन् । 'सुपर सिक्स' चरणमा प्रत्येक टोलीले दुई-दुई खेल खेल्ने छन् । नेपालले दोस्रो खेल भारतसँग खेल्नेछ । आफ्नो दुबै खेलमा विजयी भए पनि नेपाली टोलीको चार अंकमात्र पुग्नेछ ।

### आहा रारा गोल्डकप

# थ्रीस्टार क्लब फाइनलमा

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा जारी आहा रारा पोखरा गोल्डकप फुटबलमा थ्रिस्टार क्लब प्रतियोगिताको उपाधि नजिक पुगेको छ । वैकल्पिक खेलाडीका रूपमा दोस्रो हाफमा मैदान प्रवेश गरेका दीपेश घलेले गरेको एक मात्र निर्णायक गोलले थ्रिस्टारलाई उपाधि नजिक पुऱ्याएको हो ।

पोखरा रङ्गशालामा बुधबार सम्पन्न सेमिफाइनलको पहिलो खेलमा थ्रिस्टारले जावलाखेल युवा क्लबमाथि १-० को साँघुरो जित निकाल्दै प्रतियोगिताको फाइनलमा प्रवेश गर्न सफल भयो । खेलको ७८औं मिनेटमा दीपेशले प्रहार गरेको बल पोष्टमा लाग्दै गोलमा परिणत भएको थियो । 'म्यान अफ दी म्याच' घोषित निर्णायक गोलकर्ता घले ६७ औं मिनेटमा मैदान प्रवेश गरेका थिए ।

पहिलो हाफको खेलमा दुवै टोलीमा कुनै पनि गोल हुन सकेन । दोस्रो हाफमा दुवैले आक्रामक खेलका थिए । थ्रिस्टार आहाराराको सफल टोली हो । थ्रिस्टारले हालसम्म पाँच पटक प्रतियोगिताको उपाधि जितिसकेको छ । जारी प्रतियोगितामा थ्रिस्टारले प्रि-क्वाटर फाइनलमा आयोजक सहारा र क्वाटर फाइनलमा भुटानको पारो एफसीमाथि जित निकालेर सेमिफाइनलमा पुगेको थियो । जावलाखेलले प्रि-क्वाटर फाइनलमा मच्छिन्द्र र क्वाटरफाइनलमा मनाङ मर्स्याङ्दीलाई हराएको थियो ।

खेलपछिको पत्रकार सम्मेलनमा विजेता थ्रिस्टारका प्रशिक्षक विक्रम लामाले काउन्टर अट्याकमा गोल गर्ने रणनीति सफल भएको बताए । 'जावलाखेल कम्बाइन टोली हो । त्यसैले सोहीअनुसार रणनीति बनाएका थियौं । त्यसमा सफल भयौं', उनले भने । फाइनलमा खेलका कमीकमजोरी हटाउँदै उपाधि जित्ने गरी खेल्ने लामाको भनाइ थियो ।

जावलाखेलका प्रशिक्षक नरेश थापाले खेलाडीले निकै उत्कृष्ट खेल खेलेका बताए । पराजित भए पनि टोलीको प्रदर्शनबाट आफू सन्तुष्ट रहेको उहाँले उल्लेख गरे । प्रतियोगिताअन्तर्गत बिहीबार नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड क्लबकाबीच दोस्रो सेमिफाइनलको खेल हुने आयोजक सहारा क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिए । भोलिको विजेताले उपाधिका लागि थ्रिस्टारसँग प्रतिस्पर्धा गर्नेछ ।

यही माघ ९ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल माघ २० गते हुनेछ । च्याम्पियन टोलीले रु १२ लाख एक हजार नगदसहित ट्रफी पुरस्कार प्राप्त गर्नेछन् । उपविजेता टोलीले रु छ लाख एक हजार नगदसहित ट्रफी प्रदान गरिने क्लबले जनाएको छ । विभिन्न पाँच विधामा उत्कृष्ट खेलाडीले जनही रु २५ हजारका दरले पुरस्कार पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक थान स्कुटर पाउने आयोजकले जनाएको छ ।

# नौ खेलाडीलाई खेलकुद प्रतिभा सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा तथा खेलकुद मन्त्रालयले बुधबार विभिन्न खेलका खेलाडीसहित प्रशिक्षक, निर्णायक र खेल चिकित्सक गरी नौजनालाई राष्ट्रिय खेलकुद प्रतिभा सम्मान प्रदान गरेको छ । सम्मानित हुने खेलाडीमा मेनुकाकुमारी राजवंशी (कबड्डी), नविता श्रेष्ठ (टेबलटेनिस), शिवसुन्दर गोथे (टेबलटेनिस), एरिका गुरुङ (कराँते), शुभश्री श्रेष्ठ (टेबलटेनिस) र पलेशा गोवर्धन (पारा तेक्वान्दो) छन् ।

प्रशिक्षकमा पार्वती राई (कबड्डी), निर्णायकमा तेजेन्द्रसिंह महरा (टेबलटेनिस) र फिजियो थेरापिस्ट आविस्कार पुडासैनै (फुटबल) रहेका छन् । सम्मानित सबैलाई जनही एक लाख रूपैयाँसहित सम्मानपत्र प्रदान गरियो । उनीहरूलाई युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बु, मन्त्रालयका सचिव रविलाल पन्थलगायतले सिंहदरबारस्थित खेलकुद मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच पुरस्कृत गरे ।

सोही अवसरमा राष्ट्रिय खेलकुद पत्रकारिता पुरस्कारबाट गोरखापत्र अनलाइनका गोविन्द रेग्मीलाई सम्मान गरियो । रेग्मीलाई युवा तथा खेलकुद मन्त्रालयले देशभरबाट प्राप्त आवेदनको मूल्यांकनका आधारमा छनोट गरी ५० हजार नगदसहित प्रशंसापत्रबाट सम्मान गरेको हो । रेग्मी लामो समयदेखि खेलकुद पत्रकारितामा सक्रिय छन् । त्रिभुवन विश्व विद्यालयबाट पत्रकारिता र आमसञ्चारमा स्नातकोत्तर गरेका रेग्मीले २०६० सालमा राष्ट्रिय समाचार समितिबाट प्रशिक्षार्थी पत्रकारको रूपमा पत्रकारिता सुरु गरेका थिए । त्यसपछि लामो समय अन्नपूर्ण पोस्ट् दैनिकमा काम गरेका उनी हाल गोरखापत्र अनलाइनमा कार्यरत छन् ।

यसैगरी मन्त्रालयले प्रदेशतर्फको 'पत्रकारिता प्रोत्साहन पुरस्कार' बागमती प्रदेशबाट गोविन्दराज नेपाल (अनलाइनखबर), कोशी प्रदेशबाट हरिप्रसाद कोइराला (गोरखापत्र दैनिक), मधेस प्रदेशबाट तिवारी यादव (नयाँ पत्रिका), गण्डकी प्रदेशबाट रोहितराज पराजुली (नयाँ पत्रिका), लुम्बिनीबाट रिखीराम जिसी (समाधान दैनिक), कर्णाली प्रदेशबाट नन्दराम जैसी (हिमालयन टाइम्स), सुदूरपश्चिम प्रदेशबाट नवाज पनेरु (बाह्रखरी अनलाइन) र महिलाबाट दैलेखकी रजनीकुमारी योगी (गोरखापत्र) लाई सम्मान गऱ्यो ।

प्रोत्साहन पुरस्कारको राशी जनही २५ हजार रूपैयाँ र सम्मानपत्र रहेको छ । मन्त्रालयले खेलकुद क्षेत्रमा निरन्तर कलम चलाउने क्रियाशील पत्रकारलाई प्रतिस्पर्धाका आधारमा हरेक वर्ष पुरस्कार प्रदान गर्दै आएको छ ।

# जापानलाई उछिन्दै चीन बन्यो विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता



**टोकियो–** जापान अटोमोबाइल म्यानुफ्याक्चरर्स एसोसिएसन (जामा) को तथ्यांकअनुसार गत वर्ष चीनले जापानलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता बनेको छ ।

जापानले सन् २०२३ मा ४४ लाख २० हजार सवारीसाधन निर्यात गरेको तथ्यांकले देखाएको छ । चाइना एसोसिएसन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्स (सिएएएम)ले यसै महिना सार्वजनिक गरेको रिपोर्टअनुसार चीनले निर्यात गरेको ४९ लाख १० हजारको तुलनामा जापानले निर्यात गरेको संख्या करिब पाँच लाखले न्यून हो ।

यद्यपि, चीनको भन्सार विभागले निर्यात संख्या ५२ लाख २० हजार पुगेको र बर्षको तुलनामा ५७ प्रतिशतले वृद्धि भएको जानकारी गराएको छ । चीनले सन् २०२३ को सुरूदेखि नै मासिकरूपमा जापानलेभन्दा बढी सवारीसाधन निर्यात गर्दै आएको थियो र बुधबार सार्वजनिक समग्र तथ्यांकमा चीनले जापानलेभन्दा बढी सवारीसाधन निर्यात गरेको देखिएको छ ।

हालैका वर्षहरूमा विद्युतीय कारहरूमा ठूलो लगानीका कारण चीनको कार उत्पादन क्षेत्र ठूलो मात्रामा फस्टाएको छ । यसबाट जापानी फर्महरूलाई चुनौती थपिएको छ । जापानी निर्माताहरूले लामो समयदेखि हाइब्रिड कार उत्पादनको सर्त राखेका छन् । हाइब्रिड कार जापानी प्रसिद्ध उत्पादन टोयटा प्रियसको जस्तै ब्याट्री पावर र आन्तरिक दहन इञ्जिनबाट चल्ने कार हुन् ।

चिनियाँ कम्पनी बिवाइडीले यसै महिना टेस्लाको सबैभन्दा बढी विद्युतीय सवारीसाधन बिक्रीको रेकर्डलाई तोडेको छ । यसले बढ्दो क्षेत्रका लागि बेइजिङको बलियो सरकारी समर्थनलाई पुँजीकृत गरेको छ ।

सन् १९९५ मा ब्याट्री निर्माताको रूपमा स्थापना भएको बिवाइडीले पछि प्लग-इन हाइब्रिड र सबै-इलेक्ट्रिक वाहनहरू उत्पादन गर्न आफ्नो ध्यान केन्द्रित गरेको छ । शेन्जेन क्षेत्रलाई मुख्य बजार बनाएको बिवाइडीले चीन र युरोपमा मूल्यमा टेस्लासँग प्रतिस्पर्धा गर्दछ । *रासस/एएफपी*

# पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई भ्रष्टाचारको अभियोगमा १४ वर्ष जेल सजाय

**इस्लामावाद–** पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उनकी पत्नी बुशरा बिबीलाई भ्रष्टाचारको अभियोगमा बुधबार १४ वर्षको जेल सजाय सुनाइएको छ । राष्ट्रिय निर्वाचनको एक साताअघि खानलाई राज्यको गोप्य सूचना चुहावटसम्बन्धी मुद्दामा १० वर्षको जेल सजाय सुनाइएको एक दिनपछि यो फैसला आएको हो ।

पिटिआईका संस्थापक तथा पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई १० वर्षसम्म कुनै पनि सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरिएको छ भने उनलाई ७८ करोड ७० लाख पाकिस्तानी रूपैयाँ जरिवानासमेत गरिएको छ । एआरवाई न्युजका अनुसार बुधबारको सुनुवाइमा पिटिआईका संस्थापक बिबीलाई अदालतमा पेस गरिएको थियो ।

खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीका प्रवक्ताले भने, 'हाम्रो न्यायिक प्रणालीलाई भत्काइँदै छ । यो पाकिस्तानको इतिहासमा अर्को दु:खद दिन हो ।'

गत अगस्टमा पक्राउ परेदेखि अधिकांश समय हिरासतमा राखिएको जेलभित्र भएको सुनुवाइपछि खानको सजाय लगातार वा सँगसँगै चलिरहने हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन । खानका वकिल सलमान सफदरले पनि एएफपीसँग कुरा गर्दै खान र उनकी पत्नी बुशरा बिबीलाई सजाय सुनाइएको पुष्टि गरेका छन् ।

'खान र उनकी पत्नी बिबीलाई सजाय सुनाइएको छ । बिबीलाई अहिलेसम्म पक्राउ गरिएको छैन,' सफदरले भने । उनीहरूको सन् २०१८ मा खान प्रधानमन्त्री निर्वाचित हुनुभन्दा केही महिनाअघि विवाह भएको थियो । खानले आध्यात्मिक मार्गदर्शनका लागि सम्पर्क गर्दा बिबीलाई भेटेको बताइन्छ । उनी सार्वजनिक रूपमा विरलै देखिन्छिन् ।

करिब १२ करोड ७० लाख पाकिस्तानीले आगामी बिहीबार हुने चुनावको दिन मतदान गर्न पाउने छन्, जसमा खान र पिटिआई बहसको केन्द्रमा रहेका छन् । मतदानमा धाँधलीको आरोप लागेको छ, खानलाई भ्रष्टाचारको अघिल्लो अभियोगबाट भाग्नबाट रोक लगाइएको छ र उनको पार्टीले व्यापक दमनको सामना गर्नुपरेको छ ।

सन् २०२२ मा सत्ताच्युत भएयता खानलाई पाकिस्तानका सैन्य योजनाकारविरुद्ध अवहेलनाको अभियान चलाएपछि उनलाई पुन: सत्तामा फर्कन नदिन अदालती मुद्दाले गाडेको छ । खानले आफ्नो कार्यकालको अधिकांश समय साझेदारीमा शासन गरेको शक्तिशाली सेनामाथि अमेरिका समर्थित षडयन्त्रमा आफूलाई सत्ताच्युत गरेको आरोप लगाएको थियो । *रासस/एएफपी*

## ह्याविटचाट पावर कम्पनी लि.

का.म.न.पा वडा नं. ५, काठमाण्डौ

### प्रथम बार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/१८**

यस ह्याविटचाट पावर कम्पनी लिमिटेडको मिति २०८०/१०/१६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारी एबम उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल फागुन १० गते बिहिबार
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, हाडिगाउँ, काठमाण्डौ ।
**समय** : बिहान ११:०० बजे ।

**छलफलका बिषयहरू**

**साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. ब. २०७९/०८० को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ. ब. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. बिबिध ।

**विशेष प्रस्ताव**

१. स्थानिय तथा सर्वसाधारणमा शेयर निस्काशन गर्ने सम्बन्धमा ।
२. संचालक समितिको निर्बाचन सम्बन्धमा ।
३. प्रबन्ध पत्रको दफा ६ को खण्ड ख, ग, घ, ङ र ८ (१) मा संशोधन तथा दफा ८ को खण्ड ३, ४, ५ थप गर्ने र नियमावलिको नियम १७, २३, २७ (२), २७ (३) संशोधन गर्ने सम्बन्धमा ।
४. नियमन निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन माग भई आएमा सो सम्बन्धी कामको लागी संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. कम्पनीको संचालकहरुको सेवा सुविधा तथा बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
६. कम्पनीको चुक्ता पुंजी भन्दा बढी कर्जा लिने सम्बन्धमा ।

**अध्यक्ष**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROMA INTERNATIONAL BUILDING CONTRACTIN

पूर्व स्वीकृति मिति २०८०/१०/१२ | LT. No. 298706 | चलानी नं. ६०२१३८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 150 | 0 | 800 | २९,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason/brick Mason/scaffolder/construction Ca | 150 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WAHA AGRICULTURAL SERVICES AND TRADING

पूर्व स्वीकृति मिति: २०८०/१०/१७ | LT. No. 299093 | चलानी नं. ६०२१४११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN.CLEAN WORKER | 4 | 0 | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASAS ADVANCED TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८०/१०/१६ | LT. No. 299099 | चलानी नं. : ६०२१४०५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 5 | 0 | 1800 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd.
श्रम ईजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMER SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/१६ | LT. No. 299062 | चलानी नं. ६०२१४०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 6 | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEADER OVERSEAS PVT.LTD.
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039
Email :leaderoverseas2018@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MILES TRANSPORT COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/१६ | LT. No. 299106 | चलानी नं. ६०२१४०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEHAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/१७ | LT. No. 299091 | चलानी नं. ६०२१४०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 100 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED MOHAMMED A S EST

पूर्व स्वीकृति मिति : २०८०/१०/१६ | LT. No.299100 | चलानी नं. : ६०२१४०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Labour | 10 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd.
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9808018084, 9868005965

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJU JAYA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०७/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१७ | LT. 294312 | चलानी नं. ६०२०९३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 3 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २५ गते (8th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.
श्रम ईजाजत नं. १६१९/०७९/८०
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4593648
Email: alliedintl1619@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११८६०० | प्रति तोला - ११८०५० | प्रति तोला - १४२० |



**ढोरपाटनका मौलिक घर** | **बागलुङको ढोरपाटन शिकार आरक्ष क्षेत्रमा बनेका काठ, माटो र ढुंगाले बनेका मौलिक घर । पछिल्लो समय ढोरपाटन उपत्यका क्षेत्रमा मौलिक घर मासिन थालेका छन् ।**

*तस्बिरः डम्मर बुढामगर/रासस*

आगामी बजेटको तयारी

## विषयगत मन्त्रालयसँग छलफलमा आयोग

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटबारे विषयगत मन्त्रालयहरूसँग छलफल सुरु भएको छ । राष्ट्रिय योजना आयोगले बुधबार विभिन्न विषयगत मन्त्रालय र निकायसँग छलफल गरेको हो ।

आगामी आवका लागि स्रोतको अनुमान र बजेटको सीमा (सिलिङ) तोक्नुअघि मन्त्रालयसँग छलफल गरिएको योजना आयोगका प्रवक्ता यमलाल भुसालले जानकारी दिए । 'आगामी आवको बजेट सिलिङ तोक्नुअघि विभिन्न विषयगत मन्त्रालयसँग छलफल थालिएको छ । कुन मन्त्रालयले के-कस्ता योजना र कार्यक्रम कार्यान्वयनका लागि के-कति बजेट आवश्यक छ भन्नेलगायतका विषयमा छलफल भएको हो,' उनले भने, 'बजेटलाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाउनका लागि स्रोत अनुमान गर्ने र सिलिङ तोक्ने समयमा उनीहरूको सहभागिता खोजिएको हो ।'

आयोगका उपाध्यक्षको संयोजकत्वमा स्रोत अनुमान समिति रहन्छ । विगतका वर्षमा उक्त समितिले विषयगत मन्त्रालयको सहभागिता र छलफलबिना नै बजेटको सीमा तोकेर सोही सीमाभित्र वार्षिक योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने गरेको थियो । जसले गर्दा मन्त्रालयले बजेट अपुग भएको, छुट्याउनैपर्ने योजना तथा कार्यक्रममा बजेट नपरेको, कम प्राथमिकताका आयोजना तथा कार्यक्रममा बढी बजेट परेकोलगायत गुनासा आउने गरेका थिए । यस्तो समस्यालाई सम्बोधन गर्न यसपटक समितिले सिलिङ तोक्नुअघि पनि मन्त्रालयसँग छलफल गरेको हो ।

यसपटक मन्त्रालयले के चाहन्छन् ?, कुन योजना तथा कार्यक्रम र प्राथमिकतामा राखेर बजेट छुट्याउने ?, उनीहरूको बजेट माग कति हो ? भन्नेजस्ता विषयलाई पहिले नै छलफल गरेर सोही आधारमा बजेट सिलिङ निर्धारण गरिने प्रवक्ता भुसालले बताए । उनका अनुसार चालु आवको पुस महिनासम्मको खर्चको




अवस्थालाई विश्लेषण गरी आगामी आवको बजेटको स्रोत अनुमान र खर्चको सीमा निर्धारण गरिने छ ।

आयोगले शुत्रबार श्रम, सहरी विकास, वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, ऊर्जा जलस्रोत र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग छलफल गरेको छ । त्यस्तै राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालतलगायत निकायसँग पनि छलफल भएको प्रवक्ता भुसालले जानकारी दिए ।

बिहीबार र शुक्रबार अरु मन्त्रालय र निकायसँग छलफल गर्ने कार्यतालिका बनाइएको आयोगले जनाएको छ । आयोगले हरेक मन्त्रालय र निकायसँग छुट्टाछुट्टै छलफल गर्ने जनाएको छ ।

### 'बजेट क्यालेन्डर' संशोधन

सरकारको रिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका थिए । संघीय संसद्मा विनियोजन विधेयक (वार्षिक बजेट) प्रस्तुत हुनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त तथा प्राथमिकता पेस गरिसक्नुपर्ने व्यवस्थासहित अध्यादेशमार्फत बजेट क्यालेन्डर संशोधन भएको थियो ।

स्रोत निर्धारण समितिले बजेटको सीमा (सिलिङ) तोकिसक्नुपर्ने समयलाई पनि अध्यादेशमार्फत संशोधन गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण संघीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको छ ।

संघीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेस गर्नुपर्ने कानुनी व्यवस्था रहेअनुसार सरकारले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता फागुन १५ भित्रमा संसद्मा पेस गरिसक्नुपर्ने छ । त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जाने छ ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन गरिएको छ । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ । दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको थियो । अध्यादेशमार्फत उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ । अर्थात्, स्रोत अनुमान समितिले माघ मसान्तभित्रमा बजेट सिलिङ तयार पारेर फागुन ७ गतेभित्र सबै मन्त्रालयलाई उपलब्ध गराइसक्ने छ । *रासस*

## तीन दिनपछि घट्यो नेप्से

**काठमाडौं (प्रस)–** यो साता कारोबारको लगातार तीन दिनसम्म उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने दोहोरो अंकले घटेको छ । परिसूचक २१ दशमलव ६७ अंकले घटेर दुई हजार ९७ दशमलव ९३ को विन्दुमा कायम भएको हो ।

तीन सय १३ कम्पनीको एक करोड ४७ लाख ७७ हजार एक सय १० कित्ता सेयर ९५ हजार छ सय ४५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २९ करोड ५६ लाख पाँच हजार ५७ बराबरको कारोबार भएको छ । उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १४ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह दुई दशमलव ०४ प्रतिशतले घटेको छ ।

सामलिङ पावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ८७ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै मेन्छियाम हाइड्रोपावर लिमिटेडको सेयर मूल्य पाँच दशमलव ८७ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६३ करोड ८७ लाख ८२ हजार छ सय ९१ बराबरको आठ लाख ८९ हजार आठ सय ६८ कित्ता सेयर किनबेच भएको छ ।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । निगमले पेट्रोल, डिजेल र एलपी ग्यासको मूल्यवृद्धि गरेको हो । बुधबार बसेको निगम सञ्चालक समितिको निर्णयअनुसार नयाँ मूल्य आज बिहीबार बिहान १ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र एलपी ग्यासको मूल्य बढाइएको हो ।

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर चार रूपैयाँ, डिजेल-मट्टितेलमा दुई रूपैयाँ र एलपी ग्यासमा १५ रूपैयाँ बढाइएको छ । इन्डियन आयल कर्पोरेसनबाट बुधबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरिएको निगमले जनाएको छ । अब काठमाडौंमा प्रतिलिटर पेट्रोलको मूल्य १७० रूपैयाँ, डिजेल, मट्टितेलको मूल्य १५८ रूपैयाँ र खाना पकाउने एलपी ग्यासको मूल्य एक हजार ९१० रूपैयाँ कायम भएको छ ।

## टिभिएसको एओजी नाइट राइड

**काठमाडौं (प्रस)–** नेपालका लागि टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले शुक्रबार र शनिबार काठमाडौंको नक्साल शोरुमदेखि सुकुटेसम्म आयोजना गरेको दोस्रो अपाचे ओनर्स ग्रुप (एओजी) नाइट राइड धुमधामका साथ सम्पन्न भएको छ । उक्त कार्यक्रमको जगदम्बा मोटर्सका सीबीओ, मृगेन बनर्जी र डीजीएम, विक्रम पौडलले उद्घाटन गरेका थिए ।

२५ जना राइडरहरूको सहभागिता रहेको यस ६८ किलोमिटर एकतर्फी यात्रा क्रममा अपाचे राइडरहरू डर्ट रेस हेर्न धुलिखेलको डर्ट टेम्प्ल पुगेका थिए । माघ १२ गते सुरु भई माघ १३ गते सम्पन्न भएको यस ओभरनाइट राइडमा एओजीका सदस्य, डा. दिपक कुमार दासको पनि सहभागिता रहेको थियो ।

ओभरनाइट राइडको बारे बोल्दै डा. दिपक कुमारले भने, 'यस अपाचे ओनर्स ग्रुपले मलाई साथी मात्र नभई एउटा परिवार प्रदान गरेको छ ।



म आफै अपाचेको ग्राहक हुँ र यस अपाचे ओनर्स ग्रुपमा पाएको साथले म अत्यन्त खुसी छु ।

आगामी दिनहरूमा पनि यस्तै प्रकारको यात्रामा सहभागी हुन पाउने आशा गर्दछु ।' कार्यक्रमको दोस्रो दिन हाम्रा हेड मार्शलद्वारा खेलकुद गतिविधि सञ्चालन गरिएको थियो जसमा रेमन दास श्रेष्ठले (होस्ट/अभिनेता/भिजे) विजेताहरूलाई पुरस्कार वितरण गरेका थिए । रेमन दास श्रेष्ठ आफै पनि यस सवारीको एक हिस्सा रहेका थिए । उनले बाइकको प्रदर्शन र यसको लुक मनपरेको बताएका थिए ।


**बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।**

- बालबालिकाको पहिलो तीन वर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अवधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरूसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ